# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३०८ | काठमाडौं | आइतबार, २४ फागुन २०८२ | Prabhab National Daily | Sunday, 08 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## कांग्रेस-एमालेका पदाधिकारी कसैले जितेनन् चुनाव

### कांग्रेसमा गगन र एमालेमा शेरधनको झिनो आशा

- कांग्रेसबाट सभापति गगन थापासहित आठ जना पदाधिकारी चुनावी मैदानमा उत्रेकामा सात जना पराजित, सर्लाही-४ मा थापाकोमात्र झिनो आशा
- एमालेबाट अध्यक्ष केपी शर्मा ओलीसहित ११ जना पदाधिकारी चुनावी मैदानमा उत्रेकामा भोजपुरमा शेरधन राईको मात्र झिनो आशा

पराजित कांग्रेस पदाधिकारीहरू



पराजित एमाले पदाधिकारीहरू





■ प्रभाव संवाददाता

**काठमाडौं–** अघिल्लो आमनिर्वाचनमा पहिलो र दोस्रो पार्टी बन्न सफल नेपाली कांग्रेस र नेकपा एमालेका पदाधिकारीहरू यसपटकको निर्वाचनमा पराजित भएका छन् ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली झापा-५ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाहसँग फराकिलो मतान्तरले पराजित भए । झापा-५ मा शाह ६८ हजार ३४८ मतसहित विजयी हुँदा ओलीले १८ हजार ७३४ मतमै चित्त बुझाउनुपर्‍यो । ओली करिब ५० हजारको मतान्तरमा पराजित भएका हुन् ।

यही क्षेत्रबाट ओली २०७९ को निर्वाचनमा ५२ हजार ३१९ मत ल्याएर विजयी भएका थिए । त्यतिबेला उनका निकटतम प्रतिद्वन्द्वी कांग्रेसका खगेन्द्र अधिकारीले २३ हजार ७४३ मत पाएका थिए । यता कांग्रेसका सभापति गगन थापा पनि रास्वपाका अमरेशकुमार सिंहसँग निरन्तर पछाडि छन् । कांग्रेसबाट प्रधानमन्त्रीका उम्मेदवारका रूपमा अघि सारिएका गगन काठमाडौं-४ छाडेर सर्लाही-४ पुगेका थिए ।




यो क्षेत्रमा अमरेशले २२ हजार ८६६ मत पाउँदा गगनले १५ हजार ५३ मत पाएका छन् । कूल मतदाता एक लाख २१ हजार १२ रहेकोमा ७७ हजार ९३१ मत खसेको थियो । यो समाचार तयार पार्दासम्म करिब २५ हजार मत गन्न बाँकी हुँदा सात हजार मतले अमरेश अघि छन् । यसरी हेर्दा गगनलाई पनि निर्वाचन जित्न मुस्किल हुने देखिएको छ ।

कांग्रेसका दुई उपसभापति विश्वप्रकाश शर्मा र पुष्पा भुसालले भने यो निर्वाचनमा उम्मेदवारी दिएनन् । दुई महामन्त्री प्रदीप पौडेल र गुरुराज घिमिरे रास्वपाका उम्मेदवारसँग फराकिलो मतान्तरमा पराजित भएका छन् । काठमाडौं-५ बाट उम्मेदवार बनेका पौडेल रास्वपाका सस्मित पोखरेलसँग पराजित भए । पोखरेलले ३० हजार ७३७ मत पाउँदा पौडेलले नौ हजार १५९ मत पाए ।

अर्का महामन्त्री गुरुराज घिमिरे रास्वपाका सन्तोष राजवंशीसँग पराजित भएका छन् । राजवंशीले ४० हजार ८३३ मत पाउँदा घिमिरेले १२ हजार ८१८ मत पाए । यसैगरी कांग्रेसका सहमहामन्त्रीहरू प्रकाश रसाइली स्नेही, उदयशमशेर राणा, फरमुल्लाह मन्सुर पनि पराजित भएका छन् ।

क्रमश: पृष्ठ २ मा

**प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२**

| पार्टी | अग्रता | जित |
|---|---|---|
|  | ३९ | ८३ |
|  | ६ | १२ |
|  | ६ | ६ |
|  | ४ | ४ |
|  | ३ | ० |
|  | ० | १ |
| स्वतन्त्र | ० | १ |

*शनिबार राति ११:४५ बजेसम्मको मत परिणाममा आधारित*

## बालेनको छलाङ

### राजनीतिमा आएको तीन वर्षमै प्रधानमन्त्री बन्दै

- झापा-५ बाट ६८ हजार ३४८ मत ल्याएर प्रतिनिधिसभा सदस्य विजयी
- एमाले अध्यक्ष केपी शर्मा ओली ४९ हजार ६१४ मतान्तरले पराजित
- ३६ वर्षे बालेन सम्भवतः यही महिनाभित्र प्रधानमन्त्री बन्ने
- ठूलो धक्का बेहोरेका ओलीको सत्ता राजनीतिबाट बहिर्गमन



■ जेबी योञ्जन

**काठमाडौं–** राजनीतिमा कहिलेकाहीँ यस्तो क्षण आउँछ, जब चुनावी परिणामले दलीय समीकरणमात्र होइन, समाजको राजनीतिक मनोविज्ञान नै परिवर्तन भएको देखाउँछ । झापा क्षेत्र नम्बर-५ को प्रतिनिधिसभा निर्वाचन परिणामले त्यस्तै देखायो ।

निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको अन्तिम मतपरिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह ६८ हजार ३४८ मत प्राप्त गर्दै विजयी भए । पराजित एमाले अध्यक्ष केपी शर्मा ओली १८ हजार ७३४ मतमा सीमित भए । दुवैबीचको मतान्तर ४९ हजार ६१४ हो ।

झापा-५ पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीको परम्परागत निर्वाचन क्षेत्र हो । २०७९ मा भएको निर्वाचनमा उनले झण्डै २८ हजारभन्दा बढी मतान्तरले जित हासिल गरेका थिए । यसअघि २०६४ मा हारेकोबाहेक २०४८, २०५१, २०५६, २०७० र २०७४ मा ओलीकै जित भएको थियो । त्यसैले यो क्षेत्र एमालेको 'अभेद्य किल्ला' मानिन्थ्यो, जुन बालेनले भत्काइदिए ।

निर्वाचनको यो परिणामलाई केवल चुनावी हार-जितभन्दा धेरै ठूलो राजनीतिक सन्देशका रूपमा हेरिएको छ । विश्लेषकहरूका अनुसार यही परिणामले ३६ वर्षे बालेनलाई प्रधानमन्त्री बन्ने सम्भावित मार्गतर्फ अघि बढाएको छ । ओलीको सत्ता राजनीतिबाट बहिर्गमन भएको छ ।

बालेन काठमाडौं महानगरपालिकाको प्रमुख पदबाट राजीनामा दिएर चुनावी मैदानमा उत्रिएका हुन् । उनैले राजनीतिकरूपमा प्रभावशाली नेतामध्ये एक मानिएका ओलीलाई पराजित गर्नु व्यक्तिगत सफलतामात्र नभई नयाँ पुस्ताको राजनीतिक उभारको संकेत पनि हो ।

क्रमश: पृष्ठ २ मा

### सत्ताच्युत ओली जनताबाट अस्वीकृत



**काठमाडौं (प्रस)–** झापा विद्रोहको राजनीतिक पृष्ठभूमिबाट उदाएका एमाले अध्यक्ष केपी शर्मा ओलीको सत्ता र संसदीय राजनीति अहिले गम्भीर संकटमा पुगेको छ । झापा-५ मा बेहोरेको अप्रत्यासित पराजयसँगै उनी अबको पाँच वर्षका लागि प्रत्यक्ष संसदीय राजनीतिबाट बाहिरिएका छन् ।

आठपटक निर्वाचन लड्दा छ पटक जित हासिल गरेका र चारपटक प्रधानमन्त्री बनिसकेका ओलीका लागि यो परिणाम चुनावी हारमात्र होइन, उनको लामो राजनीतिक यात्रामा आएको सबैभन्दा ठूलो धक्का हो ।

यसपटक उनलाई पराजित गर्ने व्यक्ति हुन्- ३६ वर्षे बालेन्द्र (बालेन) शाह । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन चुनावी मैदानमा उत्रिँदा ओलीको ठूलो मतान्तरसहित भएको पराजय चुनावी गणितको परिणाममात्रै होइन, लामो समयदेखि बढ्दै गएको असन्तोषको विष्फोट पनि हो ।

क्रमश: पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## चुनाव लडेका तीन पूर्वश्रममन्त्रीमध्ये अर्याल निर्वाचित, विष्ट र भण्डारी पराजित

### पूर्वश्रम राज्यमन्त्री गुरुङ मनाङबाट विजयी

■ ममता थापा

**काठमाडौं–** प्रतिनिधिसभा सदस्य निर्वाचनमा विभिन्न क्षेत्रबाट उम्मेदवार बनेका तीन पूर्वश्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीमध्ये एक जना विजयी हुँदा दुई जना पराजित भएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापतिसमेत रहेका पूर्वमन्त्री डोलप्रसाद अर्याल काठमाडौं-९ बाट निर्वाचित भएका हुन् । पूर्वश्रम राज्यमन्त्री टेकबहादुर गुरुङले जित हात पार्दै पुनः संसद् यात्रा सुनिश्चित गरेका छन् । पूर्वमन्त्रीद्वय नेकपा एमालेका गोकर्ण विष्ट र जनता समाजवादी पार्टीका शरतसिंह भण्डारी भने पराजित भएका छन् ।

रास्वपाका अर्याल काठमाडौं-९ बाट ३५ हजार ९३ मत प्राप्त गरी विजयी भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका नानुमैया बास्तोलाले पाँच हजार ४६० मत पाइन् । विघटित प्रतिनिधिसभामा समानुपातिकबाट सांसद भएका अर्याल यसपटक भने प्रत्यक्षमा चुनाव लडेर विजयी भएका हुन् । उनी दुईपटक श्रममन्त्री भएका थिए ।



डोलप्रसाद अर्याल

वि.सं. २०७९ मा पुष्पकमल दाहाल नेतृत्वको सरकारमा अर्याल २० दिनका लागि श्रममन्त्री भएका थिए । मन्त्री पदबाट राजीनामा दिएको ३९६ दिनपछि उनले पुनः सोही मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए । आफ्नो कार्यकालमा रोजगारीमा गएका श्रमिकको मृत्यु भए दिइने क्षतिपूर्ति सातबाट १० लाख रूपैयाँ पुर्‍याउने, श्रमाधान कल सेन्टर सुरु गर्नेलगायतका काम उनले गरेका थिए । पूर्वश्रम राज्यमन्त्री गुरुङ मनाङबाट पुनः निर्वाचित भएका छन् । नेपाली कांग्रेसका उम्मेदवार गुरुङले दुई हजार ४१५ मत प्राप्त गरे । उनको प्रतिस्पर्धी नेपाली कम्युनिस्ट पार्टी (नेकपा)की यशोदा सुवेदी गुरुङको पक्षमा ४५४ मतमात्र खसेको थियो ।



टेकबहादुर गुरुङ

क्रमश: पृष्ठ २ मा

### व्यवसायीलाई फापेन चुनाव

प्रतिनिधिसभा निर्वाचनका मतपरिणामले वैदेशिक रोजगार व्यवसायीलाई साथ नदिएको देखिएको छ । वैदेशिक रोजगार व्यवसाय पृष्ठभूमिका सबै उम्मेदवारले फराकिलो मतान्तरको पराजय व्यहोरेका छन् ।

यसपटक नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष एलपी साँवा लिम्बू, संघकै पूर्वअध्यक्ष तिलकबहादुर रानाभाट र नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष किरणकिशोर घिमिरे चुनावी मैदानमा थिए । पूर्वअध्यक्ष लिम्बू नेकपा एमालेका झापा-४ का उम्मेदवार थिए । त्यस्तै, रानाभाट नेपाली कांग्रेसबाट कास्की-१ र घिमिरे पनि कांग्रेसबाटै दाङ-१ बाट चुनावी प्रतिस्पर्धामा थिए । रोजगार क्षेत्रमा भिजेका र यस क्षेत्रमा योगदान दिइरहेका भनिएका उम्मेदवारहरू राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवारसँग निकै ठूलो मतान्तरले पराजित भएका छन् ।

क्रमश: पृष्ठ २ मा

## उपत्यकामा रास्वपाको 'क्लिनस्विप'

- काठमाडौंका १० वटै क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी
- भक्तपुरमा ढल्यो नेमकिपाको विरासत, एमाले सचिव बस्नेत पनि पराजित
- ललितपुरको दुईवटामा जित निकालेको रास्वपाले बाँकी एउटा क्षेत्रमा पनि जित हात पार्ने निश्चित
- उपत्यकामा पहिलोपटक कांग्रेस-एमाले शून्य



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेस र नेकपा एमालेले यसपटकको प्रतिनिधिसभा निर्वाचनमा लज्जास्पद हार बेहोर्दा काठमाडौंका १० वटै क्षेत्र गुमाएका छन् ।

दुई दलको गढ मानिने काठमाडौंमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले 'क्लिनस्विप' गरेको छ । काठमाडौं पहिलोपटक कांग्रेस-एमाले शून्यको स्थितिमा आएका हुन् । यसअघि २०६४ को संविधानसभा निर्वाचनमा काठमाडौंका १० मध्ये तीन वटा क्षेत्रमा जित हात पारेको तत्कालीन नेकपा माओवादी (हालको नेकपा)ले त्यसयता यहाँ जित निकाल्न सकेको छैन । यसपटक रास्वपाका उम्मेदवारहरूले भारी मतान्तरसहित १० वटै क्षेत्रमा जित हात पारेका हुन् ।

**उपत्यकामा रास्वपाबाट विजयी**

- काठमाडौं-१: रञ्जु दर्शना न्यौपाने
- काठमाडौं-२: सुनिल केसी
- काठमाडौं-३: राजुनाथ पाण्डे
- काठमाडौं-४: पुकार बम
- काठमाडौं-५: सस्मित पोखरेल
- काठमाडौं-६: शिशिर खनाल
- काठमाडौं-७: गणेश पराजुली
- काठमाडौं-८: विराजभक्त श्रेष्ठ
- काठमाडौं-९: डोलप्रसाद अर्याल
- काठमाडौं-१०: प्रदीप विष्ट
- भक्तपुर-१: रूकेश रञ्जित
- भक्तपुर-२: राजीव खत्री
- ललितपुर-१: बुद्धरत्न महर्जन
- ललितपुर-३: डा. तोसिमा कार्की
- ललितपुर-२: मतगणना जारी (जगदीश खरेल जितनजिक)

बिहीबार सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा काठमाडौं-१ बाट रास्वपाकी रञ्जु दर्शना न्यौपाने १५ हजार ४५५ मत प्राप्त गरी विजयी भइन् । उनले निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार प्रवल थापा क्षेत्रीलाई नौ हजार ९१ मतान्तरले हराएका हुन् । कांग्रेसका थापा क्षेत्रीले छ हजार ३६४ मत प्राप्त गरे ।

काठमाडौं-२ मा रास्वपका सुनिल केसी निर्वाचित भए । उनी ३४ हजार २३८ मत प्राप्त गरी निर्वाचित भएका हुन् । केसीका प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार कविर शर्माले आठ हजार ८७४ मत प्राप्त गरे ।

क्रमश: पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

# बालेनको ...

## ऱ्यापरदेखि प्रधानमन्त्रीको बाटोमा

बालेनको राजनीतिक यात्रा पुराना दलका राजनीतिज्ञहरूको भन्दा विल्कुल फरक छ। काठमाडौंको गैरीगाउँमा जन्मिएका शाह स्ट्रक्चरल इञ्जिनियर हुन्। उनले काठमाडौंस्थित ह्वाइट हाउस इन्स्टिच्युट अफ टेक्नोलोजीबाट सिभिल इञ्जिनियरिङ अध्ययन गरेका छन् भने भारतको कर्नाटकस्थित विश्वेश्वरैया राष्ट्रिय प्राविधिक संस्थानबाट स्ट्रक्चरल इञ्जिनियरिङमा स्नातकोत्तर गरेका छन्।

राजनीतिमा आउनुअघि उनी युवापुस्तामाझ उनी ऱ्यापरका रूपमा परिचित थिए। तर, २०७९ सालको स्थानीय निर्वाचनले उनको जीवनको दिशा बदलिदियो जब उनले स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौं महानगरपालिकाको प्रमुख पद जिते। त्यसबेला उनले नेपाली कांग्रेस र एमालेका स्थापित उम्मेदवारलाई ठूलो मतान्तरले पराजित गरेका थिए। त्यही जितले उनलाई राष्ट्रिय राजनीतिको केन्द्रमा ल्यायो।

काठमाडौंको प्रमुख छँदा उनले खासगरी फुटपाथ व्यवस्थापन, सडक अतिक्रमण रोक्ने, सार्वजनिक जग्गा संरक्षण गर्नेदेखि सम्पदा संरक्षण अभियान चलाए। यो पहलले उनलाई राष्ट्रियस्तरमा चर्चित बनायो। उनका समर्थकहरूका अनुसार उनले डेलिभरीको राजनीति सुरु गरेका थिए। अर्थात् भाषणभन्दा काममा केन्द्रित राजनीति। यद्यपि, सडक व्यापारी र सुकुम्बासीमाथि नगर प्रहरी प्रयोग गरेको भन्दै आलोचना पनि भयो। तर, बालेनको लोकप्रियता घटेन। बरु युवापुस्तामाझ उनी परिवर्तनको प्रतीकका रूपमा स्थापित भए।

उनको राजनीतिक परिपक्वताको असली परीक्षण गत भदौको जेन-जी विद्रोहपछि भयो। आन्दोलनलगत्तै सडकबाट उनलाई प्रधानमन्त्री बन्ने प्रस्ताव आएको थियो। तर, बालेनले त्यसबेला प्रधानमन्त्री बन्न स्वीकारेनन्। उनले त्यसबेला भने, 'मेरो उद्देश्य प्रधानमन्त्री हुनुमात्र होइन, प्रणाली बसाल्नु हो, बदल्नु हो।'

प्रणाली बसाल्ने र देशलाई बदल्ने भनेका उनले काठमाडौंको प्रमुख छाडेर संसदीय राजनीतिमा आउन चाहे। त्यसका लागि निर्वाचन लड्न सहजता खोजेनन्। चुनौती रोजे। झापा-५ पुगे। उनले जानीजानी सबैभन्दा बढी मतान्तरसहित विजयी एमाले अध्यक्ष ओलीसँग प्रतिस्पर्धा गर्ने जोखिम उठाए। उनले साथीसर्कलमा भन्ने गरेका थिए- प्रधानमन्त्री बन्ने हो भने प्रधानमन्त्रीकै उम्मेदवारलाई हराएर बन्नुपर्छ। यसबीचमा उनी आफ्नो जितका लागि एउटा निर्वाचन क्षेत्रमा खुम्चिएनन्, युवा जोस प्रयोग गर्दै अभूतपूर्व 'रोड सो'मा निस्किएर दुईतिहाइ नेपालको भ्रमण केही दिनमा गरे। जबकि देशका शीर्ष नेताहरू आफ्नै निर्वाचन क्षेत्रमा कैद थिए- पराजयको डरले। यो जोखिम मोल्ने आत्मविश्वास उनलाई जेन-जी विद्रोह र पुराना दलप्रतिको चरम जनआक्रोशले दिएको थियो।

## छोटा भाषण

बालेनले निर्वाचन प्रचारमा अत्यन्तै छोटो भाषण गरे। सधैं राजनीतिकभन्दा धेरै विकास र डेलिभरीका कुरा गरे। रास्वपा प्रवेशपछि मधेस झरेर जनकपुरको सभामा उनले भने, 'म काम गर्ने मान्छे हुँ, म काम गरेर देखाउँछु। मलाई काम गर्न अवसर दिनुहुन्छ ? काठमाडौं नगरवासीले अवसर दिए, काम गरेर देखाएँ।'

उनले राजनीतिक मुद्दालाई सिधै नागरिकको दैनिकीसँग जोडे। संघीयताको मर्मलाई आममानिसले बुझ्ने भाषामा व्याख्या गर्दै उनले भनेका थिए, 'जनकपुरका प्रशासकीय अधिकृत फेर्न काठमाडौं जानुपर्ने अवस्था छ, हो कि होइन ? अधिकार माग्न होइन, पशुपतिनाथ दर्शन गर्न पो काठमाडौं जाने हो त।' उनी भाषण गर्न जाँदा मञ्च उक्लिएसँगै संवाद सुरु गर्थे। उनको यो संवादात्मक शैलीले झापाका मतदाताको मन पनि सहजै जित्यो। झापासँगै देशभरीकै मतदाताको मन र मत दुवै जित्यो। धेरै मतदाता जसलाई रास्वपा भन्ने नाम थाहा थिएन। उनीहरूले कि घण्टी चिने कि बालेन। यही आधारमा मत दिए। यस्तो लाग्थ्यो कि यो चुनावमा बालेन प्रत्यक्ष उम्मेदवार हुन् र अरु रास्वपाका उम्मेदवार समानुपातिक।

## जेन-जी विद्रोहले राजनीतिक ऊर्जा

देशमा भ्रष्टाचार न्यूनीकरण, सुशासन कायम र सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध हटाउन माग गर्दै गत भदौको २३ र २४ गते जेन-जी विद्रोह भयो। विद्रोहको अघोषित मूल कमाण्डर बालेन थिए। विश्लेषकहरूका अनुसार जेन-जी विद्रोहले सिर्जना गरेको राजनीतिक ऊर्जा नै यसपटक बालेनको चुनावी अभियानको ठूलो आधार बन्यो। उनकै कारण रास्वपाको पक्षमा अभूतपूर्व जनलहर उर्लियो।

उनी केही महिनाअघिमात्रै प्रधानमन्त्री बन्ने सर्तमा रास्वपा प्रवेश गरेका हुन्। निर्वाचन आयोगको प्रारम्भिक तथ्यांकअनुसार रास्वपाले देशभर यो समाचार तयार पार्दासम्म ८० सिट जितेको छ। अझै ४२ स्थानमा अग्रता छ। करिब १२० को हाराहारीमा प्रत्यक्षतर्फ जित्ने सम्भावना रास्वपाको देखिन्छ। १६५ मा १२० सिट भनेको प्रत्यक्षमा दुईतिहाइभन्दा बढी हो। समानुपातिकतर्फ पनि मत ओइरिएकाले रास्वपाले दुईतिहाइ बहुमतको सरकार बालेन नेतृत्वमा बनाउने देखिएको छ।

राजनीतिमा आएको तीन वर्षमै बालेन प्रधानमन्त्री बन्नेतिर लम्किनु नेपाली राजनीतिक इतिहासमा दुर्लभ घटना हो। नेपालमा अधिकांश प्रधानमन्त्रीहरू ५० वर्षभन्दा माथिको उमेरमा सत्तामा पुगेका छन्। बालेन भने कम उमेरमै प्रधानमन्त्री बन्ने देखिएका हुन्।

■■■

# सत्ताच्युत ...

राजनीतिशास्त्री लोकराज बरालका अनुसार प्रधानमन्त्रीको रूपमा कार्यभार सम्हाल्दा ओलीले भ्रष्टाचार नियन्त्रण गर्न, सुशासन कायम गर्न प्रभावकारी कदम चाल्न र राज्य संयन्त्रमा देखिएको विकृति नियन्त्रणमा असफल भए। विकास र स्थायित्वको नारा दिए पनि व्यवहारमा प्रशासनिक पारदर्शिता र उत्तरदायित्व कमजोर भएको आलोचना बढ्दै गयो। उनी गिरिबन्धु टि-स्टेटको जग्गा साटफेर काण्डमा मुछिएका नेता हुन्। विवादित ओम्नी, यतीलगायत काण्ड उनकै पालामा भयो।

त्यसमाथि उनको नेतृत्व शैली पनि विवादित बन्यो। आलोचकहरूका अनुसार ओलीको राजनीतिक शैलीमा अहंकार र दम्भ बढ्दै गयो। विरोधी मतप्रति असहिष्णु देखाउने, आलोचना गर्नेहरूलाई तुच्छ रूपमा प्रस्तुत गर्ने र आफूविरुद्ध बोल्नेहरूलाई राजनीतिकरूपमा कमजोर बनाउने प्रवृत्तिले उनको छवि झन् विवादास्पद बनायो।

यस्तै, सत्ता नजिकका विचौलियासँग निकट सम्बन्ध रहेको आरोप पनि बारम्बार उठ्दै आएको थियो। नीतिगत निर्णयहरूमा पारदर्शिता नदेखिएको र केही सीमित समूहलेमात्र लाभ लिने वातावरण बनेको भन्दै आलोचना हुँदै आएको थियो।

यसले केवल विपक्षी दलहरूलाई मात्र होइन, उनको आफ्नै पार्टीभित्रका इमान्दार नेता तथा कार्यकर्तालाई पनि निराश बनाएको थियो। पार्टीभित्र आन्तरिक लोकतन्त्र कमजोर भएको, फरक मत राख्ने नेताहरूलाई उपेक्षा गरिएको र निर्णय प्रक्रियामा सीमित समूहको प्रभाव बढेको गुनासो बढ्दै गयो। अझ अघिल्लो प्रतिनिधिसभामा पहिलो दल कांग्रेससँग मिलेर दोस्रो दलको अध्यक्ष रहेका उनले सरकार गठन गरे। सत्तामा उनको मनमौजी चल्यो। उस्तैगरी पार्टीमा पनि भयो। ७० वर्षे उमेर हद हटाए। दुई कार्यकालभन्दा बढी पार्टी अध्यक्ष हुन नपाउने प्रावधान हटाइदिए। अर्थात् उनले पार्टीमा जे मन लाग्यो त्यही भए। यसले पार्टीभित्र पनि असन्तुष्टिको धुवाँ उत्पन्न भयो।

यसरी पार्टी र सत्ता दुवैमा असन्तुष्टि बढ्दै जाँदा भएको जेन-जी विद्रोहले ओलीलाई सत्ताच्युत गरायो। फागुन २१ को प्रतिनिधिसभा निर्वाचनबाट त अझ उनी संसद् पुग्न जनमत प्राप्तिमा पनि चुके। यसले लामो समयसम्म पार्टी र राज्य सत्तामा रहँदा जनताको पक्षमा काम नगरी जति नै शक्तिशाली नेता भए पनि जनविश्वासको संकटमा पर्छन् भन्ने सन्देश दिएको छ।

■■■

# कांग्रेस-एमालेका...

बझाङबाट उम्मेदवार रहेका रसाइली एमालेका ऐन महरसँग पराजित भएका हुन्। महरले १८ हजार ५४३ मत प्राप्त गरे भने रसाइलीले १६ हजार ३०४ मत।

ललितपुर-१ मा उम्मेदवार रहेका उदयशमशेर रास्वपाका बुद्धरत्न महर्जनसँग पराजित भए। रास्वपाका बुद्धरत्नले २३ हजार ३७३ मत पाउँदा कांग्रेस सहमहामन्त्री शमशेरले १३ हजार ५२० मतमात्र पाए।

यसैगरी अर्का सहमहामन्त्री मन्सुर बारा-३ बाट उम्मेदवार थिए। त्यहाँ रास्वपाका अरविन्द साह ४० हजार ६९७ मत पाउँदै निर्वाचित हुँदा मन्सुरले १० हजार ५२ मतमात्र पाए। दुई सहमहामन्त्री योगेन्द्र चौधरी र कर्णबहादुर बुढाको मत पनि निकै कम छ। दाङ-१ बाट उम्मेदवार रहेक चौधरीले यो समाचार तयार पार्दासम्म १२ हजार ६९८ मत पाउँदा रास्वपाका देवराज पाठकले ३६ हजार ३५३ मत पाइसकेका छन्।

यता डोल्पाबाट उम्मेदवार रहेका सहमहामन्त्री बुढाले एक हजार ५५० मत पाउँदा नेपाली कम्युनिस्ट पार्टीका धनबहादुर बुढाले तीन हजार ७०३ मत पाएका छन्। सहमहामन्त्री डिला संग्रौला, मुक्तकुमारी यादव र बहादुरसिंह लामा चुनावी मैदानमा छैनन्।

## एमालेको को-को पराजित ?

नेकपा एमालेका अध्यक्ष ओलीसहित उपाध्यक्षहरू विष्णु पौडेल, पृथ्वीसुब्बा गुरुङ, गोकर्ण विष्ट, महासचिव शंकर पोखरेल, सचिवहरू महेश बस्नेत, भानुभक्त ढकाल र राजन भट्टराई प्रतिनिधिसभा सदस्य निर्वाचनमा पराजित भएका छन्। एमालेका १९ पदाधिकारीमध्ये अध्यक्ष ओलीसहित ११ जना पदाधिकारी प्रत्यक्ष निर्वाचनमा प्रतिस्पर्धामा उत्रिएका थिए। तर अधिकांश पदाधिकारी पराजित भएका छन् वा पराजयतर्फ उन्मुख छन्।

उपाध्यक्ष पौडेल रूपन्देही-२ बाट रास्वपाका सुलभ खरेलसँग पराजित भए। त्यहाँ खरेलले ५६ हजार ५५० मत पाउँदा पौडेलले १२ हजार ८६१ मतमात्र पाए। यस्तै विष्ट गुल्मी-२ मा रास्वपाका गोविन्द पन्थीसँग पराजित भए। त्यहाँ पन्थीले १६ हजार ९६७ मत पाउँदा विष्टले १६ हजार ४०६ मत पाएका थिए।

गुरुङ लमजुङबाट पराजित भएका हुन्। त्यहाँ रास्वपाका धर्मराज केसीले ३३ हजार ८९८ मत पाउँदा गुरुङले १६ हजार ८७६ मतमात्र पाए। महासचिव पोखरेल दाङ-२ मा रास्वपाका विपिन आचार्यसँग पराजित भएका छन्। उपमहासचिव रघुवीर महासेठ धनुषा-४ मा रास्वपाका राजकिशोर महतोसँग हारेका छन्। सचिवहरू भट्टराई (काठमाडौं-४), बस्नेत (भक्तपुर-२) र ढकाल (तेह्रथुम) पनि पराजित भएका छन्। भोजपुरबाट चुनाव लडेका सचिव शेरधन राईको क्षेत्रमा मतगणना जारी रहे पनि उनी करिब दुई हजार मतान्तरले पछि छन् र उनको जितको सम्भावना कमजोर देखिएको छ।

अर्का सचिव ढकाल तेह्रथुमबाट निर्वाचन लडेका थिए। ढकाल कांग्रेसका सन्तोष सुब्बासँग पराजित भए। सचिव लेखराज भट्ट कैलाली-४ बाट चुनाव लडेका छन्। यो क्षेत्रमा रास्वपाका खेमराज कोइराला २० हजरा ८४८ मतका साथ अग्रता लिइरहँदा एमालेका भट्ट पाँच हजार ९७२ मतका साथ तेस्रो स्थानमा रहेकोले उनको जित नहुने पक्कापक्की देखिएको छ।

उपाध्यक्ष रामबहादुर थापा बादल समानुपातिक सूचीमा रहेका छन् भने अर्का उपाध्यक्ष रघुजी पन्त कुनै पनि निर्वाचन लडेका छैनन्। त्यस्तै सचिव पद्मा अर्याल समानुपातिक सूचीमा रहँदा यमलाल कँडेल कर्णालीका मुख्यमन्त्री छन् भने छविलाल विश्वकर्मा, खगराज अधिकारी निर्वाचन लडेका छैनन्। अर्का सचिव हिक्मत कार्की पनि कोशीका मुख्यमन्त्री भएकाले निर्वाचन लडेनन्।

एमालेमा पार्टी नेतृत्वले परिणामपछि समीक्षा गर्ने तयारी गरेका छन्। उपाध्यक्ष पौडेलले रूपन्देही-२ मा पराजित भएपछि सामाजिक सञ्जालमार्फत एमालेको नेतृत्व र कार्यशैली सुधार्नका लागि आफू प्रतिबद्ध रहेको उल्लेख गरेका छन्। उनले पार्टीपंक्तिलाई निर्वाचनको परिणामबाट विचलित नहुन आह्वान पनि गरेका छन्।

'विगतमा हाम्रा तर्फबाट भएका गल्ती कमजोरीहरूको गम्भीर समीक्षा गर्न, जनअपेक्षाअनुसार आफैलाई रूपान्तरण गर्न र एमालेको नीति, नेतृत्व, संगठन र कार्यशैलीलाई जनअपेक्षाअनुरूप पुनर्गठन गर्न अग्रसरता लिने र अविचलित भएर जनता र राष्ट्रको सेवामा समर्पित रहने प्रतिबद्धता व्यक्त गर्दछु' पौडेलले भनेका छन्।

■■■

# चुनाव लडेका...

उनी वि.सं. २०७० मा दोस्रो संविधानसभा निर्वाचनमा निर्वाचित भएका थिए। २०७४ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा पराजित भएका उनी पुनः वि.सं. २०७९ को प्रतिनिधिसभा निर्वाचनमा निर्वाचित भएका थिए। कांग्रेसका तत्कालीन सभापति सुशील कोइराला प्रधानमन्त्री हुँदा २०७० फागुन १३ गतेदेखि २०७२ पुस ९ गतेसम्म उनी श्रम राज्यमन्त्री भएका थिए। उनकै पालामा 'फ्रि भिसा, फ्रि टिकट' को व्यवस्था कार्यान्वयन भएको थियो।

पूर्वश्रममन्त्री गोकर्ण विष्ट गुल्मी-२ बाट उम्मेदवार बनेकामा पराजित भएका हुन्। एमाले उम्मेदवार विष्टलाई रास्वपाका गोविन्द पन्थीले हराए। रास्वपाका पन्थीको १६ हजार ९६७ मत आउँदा विष्टको १६ हजार ४०६ मत आएको छ। विष्ट २०७४ चैत २ गतेदेखि २० महिना श्रममन्त्री भएका थिए। आफ्नो कार्यकालमा विष्टले उजुरी फर्स्योट नगर्ने म्यानपावर एजेन्सी खारेज, श्रम स्वीकृतिको विकेन्द्रीकरण सीप सिकेरमात्रै वैदेशिक रोजगारीमा जान पाउने नियम बनाउनेलगायतका महत्त्वपूर्ण निर्णय गरेका थिए।

१९ पटक विभिन्न मन्त्रालयको जिम्मेवारी सम्हाल्दा दुईपटक श्रममन्त्री भएका जनता समाजवादी पार्टीका भण्डारी यसपटक पराजित हुने निश्चित जस्तै देखिएको छ। महोत्तरी-२ बाट चुनाव लडेका भण्डारीले यो समाचार तयार पार्दासम्म नौ हजार ६१५ मत ल्याउँदा रास्वपाका दीपककुमार साहले ३० हजार ४८१ मत प्राप्त गरेका छन्। २०७९ चैत १२ र २०८१ असार ३१ मा गरी उनी पटक-पटक श्रममन्त्री भएका थिए। गत भदौ २३ र २४ को जेन-जी आन्दोलनपछि उनको मन्त्री पद गएको थियो।

■■■

# व्यवसायीलाई...

कास्की-१ मा कांग्रेसका रानाभाटलाई रास्वपाका खडकराज पौडेलले भारी मतान्तरले हराएका छन्। पौडेल ३९ हजार ८८३ मत पाएर विजयी हुँदा रानाभटले ११ हजार २१४ मत पाएर दोस्रो भएका छन्। दाङ-१ बाट चुनाव लडेका कांग्रेसकै घिमिरे पनि रास्वपाका विपिनकुमार आचार्यसँग पराजित भए। रास्वपाका आचार्यले ४३ हजार ५५१ मत प्राप्त गर्दा घिमिरे ११ हजार ५५८ मतमा सीमित भए। झापा-४ मा एमालेका लिम्बूलाई रास्वपाकै शम्भुप्रसाद ढकालले ठूलो मतान्तरले पछि पारिरहेको अवस्था छ। यो समाचार तयार पार्दासम्म ढकालले ३४ हजार ७९८ मतसहित अग्रता हासिल गरिरहेका थिए। उनलाई लिम्बूले नौ हजार ७०१ मतसहित पछ्याइरहेका छन्।

■■■

# उपत्यकामा...

राष्ट्रिय प्रजातन्त्र पार्टीकी उम्मेदवार कुन्तीदेवी पोखरेलले पाँच हजार २१० मत ल्याएकी थिइन्। काठमाडौं-३ बाट रास्वपाका उम्मेदवार राजुनाथ पाण्डे १८ हजार ७५७ मत ल्याएर विजयी भए। काठमाडौं महानगरपालिकाका पूर्वप्रहरी प्रमुख पाण्डेले उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङलाई पछि पार्दै जित हासिल गरेका हुन्। घिसिङले ११ हजार १७१ मत प्राप्त गरेका थिए। नेपाली कांग्रेसका रमेश अर्यालले छ हजार र नेकपा एमालेका रामेश्वर फुयालले तीन हजार ८१६ मत प्राप्त गरे।

काठमाडौं-४ मा रास्वपाकै पुकार बम निर्वाचित भए। उनले २९ हजार १४२ मत प्राप्त गरेका छन्। बमका प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार सचिन तिमल्सेनाले आठ हजार ८२४ मत प्राप्त गरे। नेकपा एमालेका उम्मेदवार राजन भट्टराई पाँच हजार ७३३ मतमा सीमित भए।

काठमाडौं-५ मा 'हाइ प्रोफाइल' उम्मेदवारहरूलाई पराजित गर्दै रास्वपाका सस्मित पोखरेल निर्वाचित भएका छन्। उनले नेपाली कांग्रेसका महामन्त्री एवं पूर्वस्वास्थ्यमन्त्री प्रदीप पौडेल र पूर्वउपप्रधानमन्त्रीसमेत रहेका नेकपा एमालेका उम्मेदवार ईश्वर पोखरेललाई पराजित गरेका हुन्।

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम अनुसार रास्वपाका पोखरेलले ३० हजार ७३७ मत प्राप्त गरे। उनका प्रतिस्पर्धी कांग्रेसका पौडेलले नौ हजार १५९ मत ल्याए। एमालेका पोखरेलले चार हजार ७०१ र राष्ट्रिय प्रजातन्त्र पार्टीका कमल थापाले एक हजार ७२९ मत पाएका छन्।

काठमाडौं-६ मा रास्वपाका शिशिर खनाल विजयी भएका छन्। खनालले २७ हजार ७१९ मत ल्याएर विजयी भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका कृष्ण बानियाँ क्षेत्रीले छ हजार ६४७ र नेकपा एमालेका अमनकुमार मास्केले चार हजार ३७३ मत पाएका छन्। निर्वाचित खनाल पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीका साथै काठमाडौं-६ का निर्वाचित प्रतिनिधिसमेत हुन्।

काठमाडौं-७ मा रास्वपाका गणेश पराजुली निर्वाचित भए। उनले २७ हजार ८०५ मत प्राप्त गरेका छन्। सो क्षेत्रमा नेपाली कांग्रेसका प्रमोदहरि गुरागाईले तीन हजार ९८२ मत, नेकपा एमालेका प्रकाश श्रेष्ठले तीन हजार ५४४ मत प्राएका छन्। काठमाडौं-८ मा रास्वपाका विराजभक्त श्रेष्ठ विजयी भएका छन्। उनी २४ हजार ५९२ मत प्राप्त गरेर विजय भएका हुन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कम्युनिस्ट पार्टीका सुमन सायमीले तीन हजार २१७ मत र कांग्रेसकी सपना राजभण्डारीले दुई हजार ८३५ मत प्राप्त गरेका छन्। नवनिर्वाचित श्रेष्ठ पूर्वयुवा तथा खेलकुदमन्त्रीसमेत हुन्।

काठमाडौं-९ मा रास्वपाकै उम्मेदवार डोलप्रसाद अर्याल प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन्। रास्वपाका उपसभापति एवं संघीय निर्वाचन सम्पादन समिति संयोजकसमेत रहेका अर्यालले ३५ हजार ९३ मत प्राप्त गरेका छन्। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसकी नानुमैया बास्तोलाले पाँच हजार ४६० मत प्राप्त गरिन्। अर्याल पूर्वश्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीसमेत हुन्। काठमाडौं-१० मा रास्वपाका प्रदीप विष्ट विजयी भएका छन्। उनले ३७ हजार ४६९ मत प्राप्त गरेका छन्। निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका हिमाल कार्कीले आठ हजार १०० मत पाए।

## भक्तपुरमा ढल्यो नेमकिपाको विरासत

भक्तपुर क्षेत्र नम्बर १ मा नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को गढ रास्वपाले भत्काएको छ। यहाँ निरन्तर निर्वाचन जित्दै आएको नेमकिपा यसपटक असफल भएको हो। रास्वपाका रुकेश रञ्जितले नेमकिपाका सचिव प्रेम सुवाललाई पाँच हजार २८९ मतले पराजित गरेका छन्। रञ्जितले ३३ हजार ४३६ मत प्राप्त गर्दा सुवाल २८ हजार १४७ मतमा सीमित भए। भक्तपुर-२ मा रास्वपाकै उम्मेदवार राजीव खत्रीले एमाले सचिव महेश बस्नेतलाई हराएका छन्। खत्रीले ४२ हजार ३३४ मत प्राप्त गरे। उनका निकटतम प्रतिस्पर्धी एमालेका बस्नेतले १० हजार ९९६ मत प्राप्त गरेका छन्।

## ललितपुर पनि रास्वपाकै कब्जामा

तीनवटा निर्वाचन क्षेत्र रहेको ललितपुरमा पनि रास्वपा नै विजयी हुने भएको छ। ललितपुर-१ र ३ मा जित हात पारिसकेको रास्वपो क्षेत्र नम्बर २ मा पनि जित्ने निश्चित भएको हो। ललितपुर-१ मा रास्वपाका बुद्धरत्न महर्जन २३ हजार ३७३ मतका साथ विजयी भएका छन्। उनले नेपाली कांग्रेसका उम्मेदवार उदय शम्शेर राणालाई नौ हजार ८५३ मतले पछि पार्दै जित हासिल गरेका हुन्। प्रतिस्पर्धी उम्मेदवार राणाले १३ हजार ५२० मत प्राप्त गरे।

ललितपुर-३ मा रास्वपाकी उम्मेदवार डा. तोसिमा कार्की निर्वाचित भएका छन्। उनी ४३ हजार ९६ मतका साथ विजयी भएको मुख्य निर्वाचन पुनाराम खनालले जानकारी दिए। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार जितेन्द्रकुमार श्रेष्ठले नौ हजार ४५ मत प्राप्त गरे। कार्की यसअघि पनि यही क्षेत्रबाट निर्वाचित भएकी थिइन्। उनी पूर्वस्वास्थ्य राज्यमन्त्रीसमेत हुन्।

ललितपुर-२ मा भने अन्तिम मत परिणाम अइसकेको छैन। यो समाचार तयार पार्दासम्म रास्वपाका जगदीश खरेलले २३ हजार ७५४ मतका साथ अग्रता लिइरहेका छन्। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका प्रेमकृष्ण महर्जनले तीन हजार २७३ मतमात्रै पाएका छन्।


**नेपाल चलचित्र कलाकार संघको**
**२१औं साधारण सभा सम्बन्धी सूचना !!**

*प्रकाशित मिति : २०८२ फागुन २४ गते*

नेपाल चलचित्र कलाकार संघको मिति २०८२/११/०२ गते बसेको कार्यकारिणी समितिको बैठकले संघको विधान वमोजिम चैत्र २८ गते संघको निर्वाचन सहित **वार्षिक साधारणसभा तथा अधिवेशन** बोलाउने निर्णय भएकोले संघका सम्पूर्ण सदस्यज्यूहरूलाई निम्न मिति, स्थान र समयमा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै नविकरण नगर्नु भएका सदस्यज्यूहरूलाई विधान अनुसार चैत्र १७ गतेभित्र सदस्यता नविकरणका लागि पनि यसै सूचना मार्फत जानकारी गराइन्छ।

**प्रस्तावहरू**

१. संस्थागत प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा
२. आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा
३. लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा
४. कार्यसमितिको निर्वाचन सम्बन्धमा

**कार्यक्रम**

**स्थान** : लिसारा रिसेप्सन, भगवती बाहल
**मिति** : २०८२ चैत्र २८ शनिबार
**समय** : विहान १०:०० बजे

मोहन निरौला
अध्यक्ष
**नेपाल चलचित्र कलाकार संघ**



**घोडाघोडी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सुखड, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**वोलपत्र स्वीकृत आशयको सूचना**

**(प्रकाशित मिति २०८२/११/२४)**

यस घोडाघोडी नगरपालिका नगरकार्यपालिका कार्यालयको आ.व. २०८२-०८३ अन्तर्गत तपशिल वमोजिमका निर्माण कार्यका लागि प्रकाशित सूचना अनुसार न्युन्तम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखीन आएका निम्न वमोजिमका वोलपत्र स्वीकृतिका लागि छनोट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को (२) तथा ऐ.ऐ. नियमावली २०६४ को नियम ५४ (क) वमोजिम सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र.स. | योजनाको नाम | ठेक्का न. | वोलपत्रदाताको नाम | कवोल अंक भ्याट सहित |
|---|---|---|---|---|
| 1. | Nagar Sthariya Khelkud Rangashala Nirman,Ward No 1 | NCB/GMU/06/082/83 | **J.B./Upahar/Ramaroshan JV**<br>J.B. Nirman Sewa, Ghodaghodi-10, Kailali,<br>Upahar Nirman Sewa, Saanfebagar-4,<br>Achham, Ramaroshan Nirman Sewa, Ghodaghodi-09, kailali | 15,229,107.32 |
| 2. | Nagar Ring Road 1 Dekhi 12 samma (Kramagat) | NCB/GMU/07/082/83 | **BUTKA BABA/NEW KUMARI JV**<br>Butka Baba Nirman Sewa Pvt.Ltd Ghodaghodi-07,Kailali,<br>New Kumari Construction, Ghodaghodi-05, Kailali | 13,085,537.87 |

**प्रमुख प्रशासकीय अधिकृत**

# जितको उत्सव...

























१) प्रतिनिधिसभा सदस्य निर्वाचनमा झापा-५ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाह प्रमाणपत्र बुझ्नेपछि ।
२) चितवन-२ बाट प्रतिनिधिसभा सदस्य निर्वाचनमा विजयी रास्वपाका सभापति रवि लामिछाने शनिबार निर्वाचित भएको प्रमाणपत्र बुझ्नेपछि ।
३) म्याग्दीबाट निर्वाचित स्वतन्त्र उम्मेदवार डा. महाविर पुन शनिबार निर्वाचित भएको प्रमाणपत्र बुझ्नेपछि ।
४) प्रतिनिधिसभातर्फ एकमात्र निर्वाचन क्षेत्र रहेको हुम्लाबाट विजयी नेपाली कांग्रेसका उम्मेदवार जयपति रोकाया ।
५) झापा-१ बाट निर्वाचित रास्वपाकी उम्मेदवार निशा डाँगी निर्वाचित भएको प्रमाणपत्र लिँदै ।
६) तनहुँ-१ बाट प्रतिनिधिसभा सदस्यमा विजयी भएका रास्वपाका उपसभापति डा. स्वर्णिम वाग्ले ।
७) काठमाडौं-७ मा रास्वपाबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचितपश्चात् गणेश पराजुली शनिबार चमती बालाजुमा पार्टीका नेता कार्यकर्ता तथा शुभचिन्तकहरूसँग भेटघाटमा आफ्नो भनाइ राख्दै ।
८) तनहुँ-१ मा रास्वपाका उम्मेदवार विजयी भएपछि शनिबार खुसी साटासाट गर्दै कार्यकर्ता ।

*तस्बिरहरू: रासस*

## म्याग्दीमा स्वतन्त्र उम्मेदवार महाविर पुन निर्वाचित

**म्याग्दी (प्रस)**– म्याग्दीबाट निवर्तमान शिक्षा विज्ञान तथा प्रविधिमन्त्री डा. महाविर पुन प्रतिनिधिसभा सदस्य निर्वाचनमा निर्वाचित भएका छन् । उनी २२ हजार ८५० मतका साथ निर्वाचित भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ । उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका हरिकृष्ण श्रेष्ठले सात हजार ९१९ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापाले बताए ।

नेपाली कांग्रेसका कर्णबहादुर भण्डारीले छ हजार ८८४ र नेपाली कम्युनिस्ट पार्टीका अर्जुन थापाले तीन हजार ५२९ मत प्राप्त गरेका छन् । बिहीबार भएको मतदानमा म्याग्दीमा ८६ हजार ३९७ जना मतदाता रहेकामा ४६ हजार २१५ मत खसेको थियो ।

नवनिर्वाचित सांसद पुन यसपटक स्वतन्त्रबाट विजयी हुने एक्ला उम्मेदवार बनेका छन् । जेन-जी विद्रोहपछि बनेको पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको वर्तमान सरकारमा शिक्षामन्त्री रहेका पुनले म्याग्दी पुगेर उम्मेदवारी दर्ता गरेपछि मात्र मन्त्री पदबाट राजीनामा दिएको सार्वजनिक गरेका थिए ।

## 'निर्वाचित जनप्रतिनिधिलाई जिम्मेवारी हस्तान्तरण गर्न आतुर छौं'

■ **सिबी अधिकारी**

**काठमाडौं**– गत भदौमा भएको जेन-जी आन्दोलनपछि गठन भएको सरकारको एउटामात्रै जिम्मेवारी थियो, आवधिक निर्वाचन । छोटो समयमा निर्वाचन गर्ने जिम्मेवारीका साथ गठन भएको सरकारमा गृह मन्त्रालयको जिम्मेवारीमा आएका थिए, ओमप्रकाश अर्याल ।

जेन-जी आन्दोलनका क्रममा कारागारबाट कैदी भागेका थिए, हातहतियारहरू पनि लुटिएका थिए । राजनीतिक दलप्रति आममानिसमा विश्वास गुमेको अवस्था थियो । सुरक्षा मुख्य चुनौती थियो । आममानिसमा पनि समयमै निर्वाचन हुन्छ वा हुँदैन भन्ने संशय थियो । अन्ततः समयमै शान्तिपूर्णरूपमा निर्वाचन भयो । बिहीबार निर्वाचनको जिम्मेवारी पूरा गरेपछि गृहमन्त्री अर्यालले भने, 'एउटा महत्त्वपूर्ण जिम्मेवारी पूरा भयो, नागरिक सरकारले प्रमुख अभिभारा पूरा गरेको छ ।'

निर्वाचन सम्पन्न भएपछि शुक्रबार दिनभरजसो मन्त्री अर्यालले धन्यवाद तथा शुभकामनाका कयौं फोनकल, सन्देश प्राप्त गरिरहे । मन्त्रालयमै आएर बधाइ दिनेहरूको संख्या पनि बाक्लो थियो । उनले शुभचिन्तकलाई भने, 'आजबाट जिम्मेवारीको भारी बिसाएर हल्का महसुस भएको छ । मतपरिणामपछि नयाँ सरकारलाई जिम्मेवारी हस्तान्तरण गरेर फर्किन आतुर छौं ।'



उनले यसका लागि प्रधानमन्त्री सुशीला कार्कीप्रति विशेष आभार व्यक्त गरे । साथै, निर्वाचन सम्पन्न गराउन सहयोग गर्ने गृहसचिव, मन्त्रालयका महाशाखा प्रमुखसहित सुरक्षा निकायका उच्च अधिकारीलाई धन्यवाद दिए । 'निजामती प्रशासनलाई सधैं दोष दिने गरिएको छ, त्यो मात्रै साँचो होइन, निजामतीको साथमै काम फत्ते भएका छन्, खाली नेतृत्व कसले कसरी गरेको छ भन्ने महत्त्वपूर्ण कुरा हो,' गृहमन्त्री अर्यालले भने ।

गृहमन्त्री अर्याल छ महिनाभित्र निर्वाचन गरेर मुलुकलाई निकास दिने दायित्वमा कहिल्यै बिमुख भएनन् । उनले भने, 'गृह मन्त्रालय 'पावर एक्सरसाइज' गर्ने मन्त्रालय भन्थे मैले नेतृत्व सम्हाल्दाको अनुभवमा यो त शान्ति मन्त्रालयको भूमिकाजस्तो देखियो । परिस्थितिलाई काबुबाहिर जान नदिन अपनाउनुपर्ने संयमता र मन्त्रालयको मुख्य जिम्मेवारीबाट कहिल्यै विचलित भइनँ र निरन्तर आफ्नो इमानन्दारिताको अभ्यास गरे ।' राष्ट्रपतिको निर्देशन र प्रधानमन्त्रीको नेतृत्वमा सम्बद्ध सबै पक्षको सहयोगका कारण मुलुकभर एकै चरणमा मतदान कार्य सम्पन्न भएको उनको बुझाइ छ । अहिले देशभर मतगणना कार्य जारी छ । केही क्षेत्रको नतिजा पनि आइसकेको छ ।

लोकतान्त्रिक प्रक्रियाको महत्त्वपूर्ण अभ्यासको रूपमा रहेको निर्वाचनमार्फत जनादेश लिनु संवैधानिक र कानुनी दृष्टिले सर्वोत्तम पक्ष हो भन्दै उनले यस निर्वाचनको माध्यमबाट संविधान कार्यान्वयन एवं नेपाली जनताले प्राप्त गरेको हक अधिकारको संस्थागत गर्नमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको उल्लेख गरे । अर्यालले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित र मर्यादित वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न देशव्यापी रूपमा मतदाताहरूले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता अभिव्यक्त भएको उल्लेख गरे । उनले निर्वाचनको मतदान कार्य शान्तिपूर्ण र उत्साहजनक रूपमा सम्पन्न भएकामा सबैलाई धन्यवाद दिएका छन् ।

गृहमन्त्री अर्यालले सुरक्षा चुनौतीलाई आफूहरूले नजिकबाट नियालेर सोहीअनुसार व्यवस्थापन गरिएको बताए । उनले थपे, 'यहाँ तपाईंहरूले निर्देशन दिने गृहमन्त्री र निर्देशन पालना गर्ने कर्मचारी एवं सुरक्षाकर्मीहरू भेट् नुहुन्न' निर्देशनमुखी कार्यशैली फेरेर सामूहिक निर्णय गर्ने अभ्यास कार्यान्वयन भएको छ । आवश्यक कर्मचारी, सुरक्षा निकायका प्रतिनिधिहरू सबै बसेर सामूहिक सरसल्लाह गर्छौं र आवश्यक निर्णय लिन्छौं ।' गत पुसमा मधेसमा देखिएका साम्प्रदायिक हिंसाका केही छिटपुट घटना भए । ती समस्याको पनि समयमै समाधान नगरिएको भए निर्वाचनको माहोल बिगार्न सक्थ्यो । *रासस*

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# जनमतको सुनामी र नयाँ युगको पदचाप

नेपाली राजनीतिको परम्परागत आकाशमा बिहीबार एउटा यस्तो पराकम्पन गयो, जसले दशकौंदेखि जरा गाडेर बसेका 'भिमकाय' दलहरूलाई एकाएक किनारा लगाइदिएको छ । प्रतिनिधिसभा निर्वाचनको नतिजा आउने क्रम जारी रहँदा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुईतिहाइ बहुमततर्फ बढिरहेको छ । यो केवल एउटा दलको विजयमात्र होइन, बरु नेपाली मतदाताले पुराना राजनीतिक शक्तिहरूका विरुद्ध गरेको 'ब्यालेट विद्रोह' को विधिवत् घोषणा हो ।

साढे तीन वर्षअघि मात्र गठन भएको दलले काठमाडौंका लगभग सबै क्षेत्र र देशका प्रमुख स्थानमा ऐतिहासिक जित निकाल्नुले नेपाली राजनीतिमा 'जेन–जी' पुस्ताले चाहेको परिवर्तन आएको देखिन्छ । विशेषगरी भदौ २३ को त्यो दुःखद घटना र त्यसपछिको युवा विद्रोहले सत्ताको समीकरणमात्र बदलिदिएन, नागरिकको चेतनाको स्तर पनि बदलिदियो । त्यसैको परिणाम, झापा–५ मा रास्वपाका वरिष्ठ नेता एवं प्रधानमन्त्रीका दाबेदार बालेन्द्र शाहले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई झण्डै ५० हजार मतान्तरले पराजित गरेका छन् । यसअघि एकपटकबाहेक सधैं जित्दै आएका ओलीलाई यो निर्वाचनले ठूलो झड्का दिएको छ । यो नतिजाले जनताले अब 'काम' र 'नयाँ भिजन'लाई मात्र अनुमोदन गर्छन् भन्ने स्पष्ट पारेको छ ।

पुराना दलहरू– नेपाली कांग्रेस, एमाले र नेकपाका लागि यो निर्वाचन 'लज्जास्पद हार' मात्र नभई जनचाहनाअनुसार आफैंमा रूपान्तरण जरुरी रहेको भएको सन्देश दिएको छ । कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले स्वीकार गरेझैँ, जनताले 'तिमीहरू बदलिन्नौ भने हामी मन बदल्छौं' भन्ने जुन चेतावनी दिएका थिए, त्यसको मूर्तरूप आजको मतपरिणाम हो ।

जनताले रास्वपालाई अब एउटा बलियो र जिम्मेवार सरकार बनाउने म्याण्डेट दिएको छ । बालेन्द्र शाहलाई प्रधानमन्त्रीको प्रस्तावले युवा पुस्तामा जुन आशा जगाएको छ, त्यसलाई व्यवहारमा उतार्नु अबको मुख्य चुनौती हो । निर्वाचन आयोगको अन्तिम नतिजा आउन बाँकी भए पनि यो सत्य हो कि नेपालको राजनीति अब पुरानो ढर्रामा फर्कने छैन । नयाँ पात्र, नयाँ प्रवृति र नयाँ आशाका साथ मुलुकले समृद्धिको एउटा नयाँ बाटो रोजेको छ । अबको सरकारले यी अपेक्षाहरूलाई कत्तिको सम्बोधन गर्न सक्छ, त्यो नै भविष्यको मुख्य कसी हुने छ ।

श्रम सरोकार

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# मार्जिन कारोबार भ्रम र वास्तविकता



❑ अचुतकुमार ओझा

"सेयरबजारमा मार्जिन कारोबार एक स्थापित विधि हो । यसलाई बुझेर प्रयोग गर्न सक्दा लाभैलाभ र नजानी हौसियौं भने क्षति हुने निश्चित छ । मार्जिन कारोबार जानेर गर्न सकियो भने अवसर भेटिन्छ तर अरूको भरमा परियो भने नोक्सान हुने छ । कुनै कम्पनीको राम्रो सूचना आफूले प्राप्त गरेको छ, बजार बढ्दो छ, ब्याजदर घट्दो छ र भविष्यमा सेयर मूल्य अझै माथि जाने सम्भावना देखिएको छ भने मार्जिन कारोबारमार्फत लगानी बढाएर लाभ लिनसक्ने प्रचुर सम्भावना रहन्छ । तर बजार घट्दो छ र ब्याजदर बढ्दो भएको अवस्थामा मार्जिन कारोबार गुम्ने सम्भावना अत्यधिक रहन्छ ।

नेपाल धितोपत्र बोर्ड (सेबोन) ले यही फागुन १ गतेदेखि पुरानो मार्जिन कारोबारसम्बन्धी निर्देशिका २०७४ खारेज गर्दै नयाँ निर्देशिका २०८२ लागू गरेको छ । खासगरी मार्जिन कर्जा पुँजी अपुग भएका तर बजारमा राम्रो अवसर देखेका लगानीकर्ताले पैसाको जोहो गर्ने एक वैकल्पिक उपाय बन्नसक्ने देखिन्छ । एक लगानीकर्ताले मार्जिन कारोबार के हो र कसरी गर्न सकिन्छ ? यसका लागि के चाहिन्छ ? के यो हरेक लगानीकर्ताका लागि लाभदायक छ ? यसका प्राविधिक पक्ष के हुन सक्छ ? यसले दिनसक्ने जोखिम कस्ता हुन सक्छन् ? प्रत्येक लगानीकर्ताले मार्जिन कारोबार गर्नुपूर्व यावत् प्रश्नको सही जवाफ खोजी गर्नु अनिवार्य हुन्छ ।

### मार्जिन कर्जा के हो ?

मार्जिन कर्जा भनेको सेयर खरिदका लागि लगानीकर्ताले निर्देशिकाबमोजिम प्रक्रिया पूरा गरेर योग्य धितोपत्र दलाल व्यवसायीकामा निश्चित प्रतिशत रकम जम्मा गरेपछि सेयर खरिद गर्नका लागि दिइने कारोबार सुविधा हो । हालै आएको निर्देशिका अनुसार यस्तो कर्जा लिन चाहने लगानीकर्ताले ३० प्रतिशत रकम आफूले जम्मा गरेमा थप ७० प्रतिशत रकमबराबरको मार्जिन कर्जा लिएर सेयर खरिद गर्न सकिन्छ । मार्जिन कर्जा धितोपत्र दलाल व्यवसायीसँग गरिने कारोबार हो । यस कारोबार नियमअनुसार प्रारम्भमा आफूसँग ३० प्रतिशत रकम भएमा थप ७० प्रतिशतको सेयर खरिद गर्न सकिन्छ । यहाँ बुझ्नुपर्ने मूल कुरा के हो भने तपाईंसँग केबल ३० रूपैयाँ छ भने १०० रूपैयाँको सेयर खरिद गर्न सक्नुहुन्छ ।

सेयर कर्जा भनेको आफूले खरिद गरेको सेयर बैंक तथा वित्तीय संस्थामा धितो राखेर सापटी लिने कार्य हो । यस्तो कर्जा लिन सुरुमा सतप्रतिशत पैसा भुक्तानी गरेर सेयर खरिद गरेपछि मात्रै उक्त सेयर बैंकमा जम्मा गरेर नियमअनुसारको ऋण लिन सकिन्छ । खासगरी सेयर कर्जामा १०० रूपैयाँको सेयर खरिद गर्नुपरेमा खरिदकर्तासँग कर्जा लिनुपूर्व नै १०० रूपैयाँ हुन आवश्यक रहन्छ तर मार्जिन कारोबारको हकमा केवल ३० रूपैयाँमात्रै भए पुग्छ । सेयर कर्जामा राखिएको सेयर तत्काल बिक्री गर्न सकिँदैन । यसका लागि बैंकमा गएर कर्जा चुक्ता गरी सेयर फुकुवा गरेर ल्याउनुपर्ने हुन्छ तर मार्जिन लोनमा रहेको सेयर बिक्री गर्नुपरेमा यस्तो गरिरहनु पर्दैन ।

मार्जिन कारोबार गर्नुपूर्व लगानीकर्ताले धितोपत्र दलाल व्यवसायीकामा जम्मा गर्नुपर्ने रकमलाई प्रारम्भिक मार्जिन भनिन्छ । नयाँ निर्देशिका अनुसार यस्तो मार्जिन कम्तीमा ३० प्रतिशत हुनुपर्ने व्यवस्था छ । यसको अर्थ मार्जिन कर्जा लिएर कुनै लगानीकर्ताले १०० रूपैयाँको सेयर खरिद गर्न चाहन्छ भने त्यसका लागि ऊसँग न्यूनतम ३० रूपैयाँ अनिवार्य हुनुपर्छ ।

### सम्भार मार्जिनलाई कसरी बुझ्ने ?

मार्जिन कारोबार गर्दा लगानीकर्ताले कायम गर्नुपर्ने न्यूनतम् प्रतिशत नै सम्भार मार्जिन हो । निर्देशिकाअनुसार २० प्रतिशत सम्भार मार्जिन कायम गर्नुपर्छ । यसको अर्थ १०० रूपैयाँमा खरिद गरिएको सेयरको बजार मूल्य घटेर ८० रूपैयाँमा आइपुगेमा सम्भार मार्जिन थप गर्नुपर्ने हुन्छ तर सेयरको मूल्य वृद्धि भएता पनि सेयर बिक्री नगरेसम्म पहिला राखेको प्रारम्भिक मार्जिनबाट कुनै रकम झिक्न पाइँदैन । यस्तो मार्जिन थप्नका लागि लगानीकर्तासँग आवश्यक पुँजी नभएमा आफूसँग ए, बी र जी कम्पनीका सेयरहरू छन् भने सम्भार मार्जिनका रूपमा राख्न पाइन्छ तर त्यस्ता सेयरको मूल्य गणना गर्दा बजार मूल्यको ६० प्रतिशतले हुन आउने रकमलाई मात्रै गणना गरिन्छ ।

मार्जिन कारोबारबाट खरिद गरिएको सेयरको मूल्यवृद्धि भएर सम्भार मार्जिन कायम हुन आएमा यसरी राखिएको थप सेयर लगानीकर्ताले चाहेमा फुकुवा गर्न सकिन्छ । साथै, मार्जिन कल गर्दासमेत सम्भार मार्जिन समयमा नतिरेमा सेयर ब्रोकरले लगानीकर्ताको आदेशविना नै उक्त सेयर बिक्री गरिदिन सक्छ ।

### मार्जिन कल किन र कहिले गरिन्छ ?

मार्जिन कारोबार सुविधा लिँदा लगानीकर्ताले सम्भार मार्जिन कायम गर्ने सर्त पालना गर्नु अनिवार्य हुन्छ । यदि मार्जिन कारोबार गरिरहेका कुनै लगानीकर्ताले सम्भार मार्जिन कायम गर्न नसकेमा सेयर ब्रोकरमार्फत दिइने सन्देशलाई 'मार्जिन कल' भनिन्छ । यस निर्देशिकाबमोजिम २० प्रतिशतभन्दा बढी सम्पत्ति घट्दा पनि लगानीकर्ताले सम्भार मार्जिन व्यवस्था नगरेका अवस्थामा यस्तो कल गर्ने गरिन्छ । मानौं मार्जिन कर्जा लिएर खरिद गरिएको १०० रूपैयाँको सेयरको मूल्य घटेर ८० रूपैयाँमा आयो तर सम्बन्धित लगानीकर्ताले सम्भार मार्जिन नियमअनुसार २० रूपैयाँ जम्मा नगरेमा ब्रोकरले ऋणीलाई उक्त तिर्न बाँकी रकमको ताकेता गर्ने कार्य नै मार्जिन कल हो ।

### अहिलेकै खातामा मार्जिन कारोबार गर्न सम्भव छ ?

मार्जिन कारोबारका लागि अहिले दोस्रो बजारमा कारोबार गर्न चाहिने खाताको अलवा थप तीनवटा खाता खोल्न आवश्यक देखिन्छ । यी खाताविना मार्जिन कारोबार सम्भव देखिँदैन ।

१) **मार्जिन कारोबार खाताः**

कुनै पनि लगानीकर्ताले मार्जिन कारोबारमार्फत सेयर खरिद वा बिक्री गर्नका लागि धितोपत्र दलाल व्यवसायीकामा खोलिने खाता नै मार्जिन कारोबार खाता हो । यसै खातामा मार्जिन रकम जम्मा गर्ने गरिन्छ ।

२) **मार्जिन कारोबार हितग्राही खाताः**

लगानीकर्ताले मार्जिन कारोबारमार्फत खरिद गरेको सेयर जम्मा गर्न धितोपत्र दलाल व्यवसायीकामा खोलिएको हितग्राही खाता नै मार्जिन कारोबार हितग्राही खाता हो ।

३) **मार्जिन कारोबार राफसाफ हितग्राही खाताः**

राफसाफ सदस्यले मार्जिन कारोबारमार्फत भएको सेयर कारोबारको राफसाफ तथा फर्स्योट कार्यका लागि केन्द्रीय कम्पनीको प्रणालीमा खोलेको हितग्राही खाता नै मार्जिन कारोबार राफसाफ हितग्राही खाता हो । यस खातासँग मार्जिन कारोबार खाता र मार्जिन कारोबार राफसाफ हितग्राही खातालाई आबद्ध गर्नुपर्ने हुन्छ ।

### के सबै सेयरको मार्जिन कारोबार हुन्छ ?

पुँजीबजारमा सूचीकृत भएका सबै कम्पनीका सेयरहरू मार्जिन कारोबार गर्न योग्य रहँदैनन् । यसका लागि निर्देशिकाले जारी गरेको कम्तीमा २५ लाख कित्ता सर्वसाधारण सेयर सूचीकरण भएको, नेटवर्थ चुक्ता पुँजी बराबर वा सोभन्दा बढी भएको, पछिल्लो तीन वर्षमा दुई वर्ष खुद नाफा गरेको र प्रारम्भिक सार्वजनिक निष्काशनमार्फत निष्काशन भएको सेयर सूचीकरण भएको कम्तीमा दुई वर्ष पूरा भएका जुन नेपाल स्टक एक्सचेन्ज (नेप्से) ले सूची जारी गरेका हुन्छन् त्यस्ता कम्पनीको सेयरमात्रै मार्जिन कारोबारका लागि योग्य हुने व्यवस्था गरिएको छ । अन्यको हकमा मार्जिन कर्जा सुविधा लिन सकिँदैन ।

लगानीकर्ताले मार्जिन कारोबार सुविधाबापत लिएको रकम तथा दायित्व चुक्ता नगरेमा वा सम्भार मार्जिन कायम गर्न नसकेमा मार्जिन कारोबार हितग्राही खातामा रहेको सेयर बिक्री तथा मार्जिन कारोबार खाता राफसाफ गर्ने प्रयोजनका लागिमात्रै लगानीकर्तासँग धितोपत्र दलाल कम्पनीले अग्रिमरूपमा लिइएको मञ्जुरीनामा हो । यदि लगानीकर्ताले आफूले लिएको मार्जिन कर्जा तोकिएको समयमा भुक्तान नगरेमा, सम्भार मार्जिन नतिरेमा वा नवीकरण नगरेमा ब्रोकरले लगानीकर्ताको सेयर बिक्री गर्नसक्ने अधिकार प्रत्यायोजन गरिएको पत्र नै अधिकृत वारेसनामा हो ।

धितोपत्र दलाल व्यवसायीले आफ्नो प्रमाणित नेटवर्थको पाँच गुणासम्म मार्जिन कारोबार सुविधा उपलब्ध गराउन सक्ने छ तर यस्तो सुविधा दिनका लागि ब्रोकरले बैंक तथा वित्तीय संस्थासँग लिएको ऋण र आफ्नो सेयरधनी वा सञ्चालकसँग लिएको असुरक्षित ऋण धितोपत्र दलाल व्यवसायीको नेटवर्थको ४.५ गुणाभन्दा बढी हुनु हुँदैन । त्यसमा पनि कुनै एक ग्राहक तथा निजको एकाघरका सदस्य वा सम्बद्ध संस्थालाई मार्जिन सुविधा प्रदान गर्दा धितोपत्र दलाल व्यवसायीले प्रदान गर्नसक्ने कूल मार्जिन सुविधाको बढीमा १० प्रतिशतभन्दा बढी हुनुहुँदैन । निर्देशिकाबमोजिम उपलब्ध मार्जिन कारोबार सुविधाको समयावधि बढीमा एक वर्षसम्म हुने छ तर उक्त समयावधिपश्चात् निरन्तरता दिन चाहेमा नवीकरण गर्न सकिन्छ ।

### कस्ता छन् मार्जिन कारोबार अवसर र जोखिम ?

सेयरबजारमा मार्जिन कारोबार एक स्थापित विधि हो । यसलाई बुझेर प्रयोग गर्न सक्दा लाभैलाभ र नजानी हौसियौं भने क्षति हुने निश्चित छ । मार्जिन कारोबार जानेर गर्न सकियो भने अवसर भेटिन्छ तर अरुको भरमा परियो भने नोक्सान हुने छ । कुनै कम्पनीको राम्रो सूचना आफूले प्राप्त गरेको छ, बजार बढ्दो छ, ब्याजदर घट्दो छ र भविष्यमा सेयर मूल्य अझै माथि जाने सम्भावना देखिएको छ भने मार्जिन कारोबारमार्फत लगानी बढाएर लाभ लिनसक्ने प्रचुर सम्भावना रहन्छ । तर बजार घट्दो छ र ब्याजदर बढ्दो भएको अवस्थामा मार्जिन कारोबार गुम्ने सम्भावना अत्यधिक रहन्छ । धेरै कमाउने लोभमा आफ्नो क्षमताभन्दा बढीको मार्जिन कर्जा परिचालन गर्दा आफूले कारोबार गरेको सेयरको मूल्य घट्न गएको अवस्थामा तिर्नुपर्ने सम्भार मार्जिन तिर्न नसक्ने अवस्था आइलाग्यो भने एकातिर मार्जिन कल आएर मानसिकरूपमा दबाब सिर्जना हुन पुग्छ भने अर्कोतिर समयमा सम्भार मार्जिन व्यवस्थापन गर्न नसक्दा ब्रोकरले सस्तोमा सेयर बिक्री गरिदिन सक्छ । यसले आफूले लगानी गरेको मूल धन नै हराउनसक्ने जोखिम सिर्जना गरिदिन्छ । यसले सधैं नाफा र अवसरमात्र दिँदैन बरु घाटा र जोखिमको मात्रा पनि त्यति नै रहन्छ, जति फाइदाको प्रतिशत रहन्छ । यसैले मार्जिन कारोबार जानेर गर्दा सम्पत्ति सिर्जनाको सुवर्ण अवसर बन्नसक्छ भने हचुवाका भरमा गर्दा भएकै धन सोसेर लैजाने स्पोन्ज बन्न सक्छ ।

अन्त्यमा, मार्जिन कारोबारले ज्ञान र अनुभव बटुलेका तर पुँजी अभावका कारण लगानी गर्न रोकिएका लगानीकर्तालाई सहयोग पुग्छ । नवआगन्तुक लगानीकर्ताले भने बृहत् अध्ययन गरेरमात्रै यसको प्रयोग गर्नु उपयुक्त हुन्छ । वारेन्ट वफेटको लगानीको पहिलो नियम आफ्नो मूल धन बचाउनु हो र दोस्रो नियम कहिले पहिलो नियम नभुल्नु हो । यसैले विनाजानकारी, सुझबुझ र अनुभव सेयर बजारमा धेरै कमाउने नाममा जथाभावी मार्जिन कारोबार गर्न थालियो भने मूल धन हराउने छ । बफेटको लगानी सिद्धान्तविपरीत जाँदा सम्पत्ति गुम्ने र लगानीमा दुर्घटना निम्तने निश्चित छ । यसैले सधैं लगानी जोखिमलाई न्यूनीकरण गर्दै मार्जिन कारोबारबाट बजारमा अत्यधिक लाभ उठाउनका लागि यसबाट हुनसक्ने लाभ र हानिको सही विश्लेषण गरेरमात्रै आफ्नो लगानीमा मार्जिन कारोबारलाई स्थान दिने गरौं । *रासस*

पाठक मञ्च

## जनलहरको सन्देशः परिवर्तन र विकल्पको खोजी

भर्खरै सम्पन्न प्रतिनिधिसभा निर्वाचनको परिणाम र यसमा देखिएको 'जनलहर'ले नेपाली मतदाताको चेतनास्तरमा आएको अभूतपूर्व परिवर्तनलाई उजागर गरेको छ । दशकौंदेखि पालैपालो सत्ताको बागडोर सम्हाल्दै आएका पुराना र स्थापित राजनीतिक दलहरूका लागि यो निर्वाचन एउटा गम्भीर 'वेक-अप कल' सावित भएको छ ।

यसपटकको निर्वाचनमा कुनै एक दलको सिद्धान्तभन्दा पनि 'नयाँ'लाई एकपटक हेर्ने आकांक्ष स्पष्ट देखियो । विशेषगरी सहरी क्षेत्र र युवा मतदाताहरूमा देखिएको उत्साहले राजनीतिमा अब पुरानो ढर्रा र आश्वासनको राजनीति चल्दैन भन्ने बलियो संकेत दिएको छ । विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रति देखिएको जनविश्वास कुनै आकस्मिक घटना नभई वर्षौंदेखिको राजनीतिक विसंगति, भ्रष्टाचार र कुशासनप्रतिको आक्रोशको उपज हो ।

मतदाताले यसपालि व्यक्तिभन्दा पनि नयाँ दल र नयाँ अनुहारलाई प्राथमिकता दिएका छन् । पुरानो पुस्ताका नेताहरूले 'इतिहासको ब्याज' खाएरमात्र अबको राजनीति सुरक्षित गर्न सक्दैनन् भन्ने कुरा निर्वाचन परिणामले पुष्टि गरेको छ । सामाजिक सञ्जालको बढ्दो प्रभाव र डिजिटल साक्षरताले पनि यस लहरलाई मलजल गरेको देखिन्छ । जनताले अब विकास, सुशासन, रोजगारी र शिक्षाजस्ता आधारभूत आवश्यकतामा ठोस नतिजा खोजिरहेका छन् ।

तर, यो जनलहरसँगै केही चुनौतीहरू पनि देखापरेका छन् । नयाँ शक्तिहरूमा देखिएको यो उत्साहलाई संस्थागत गर्दै संसद्मा रचनात्मक भूमिका निर्वाह गर्नु उनीहरूको मुख्य दायित्व हुने छ । अर्कोतर्फ, पुराना दलहरूले पनि आफूलाई सुधार गर्ने र युवा पुस्ताको भावनालाई सम्बोधन गर्ने अन्तिम अवसरको रूपमा यसलाई लिनुपर्छ ।

अन्त्यमा, यो जनलहर केवल विरोधमात्र होइन, यो एउटा आशा पनि हो । नेपाली जनताले स्थिर सरकारसँगै देखिने खालको परिवर्तन चाहेका छन् । निर्वाचित प्रतिनिधिहरूले यो भारी जनादेशलाई शिरोधार्य गर्दै दलीय स्वार्थभन्दा माथि उठेर मुलुकको समृद्धिका लागि काम गर्ने छन् भन्ने विश्वास छ ।

– **लक्ष्मण लामा**, बौद्ध

# विजय उत्सव...










१) प्रतिनिधिसभा सदस्य निर्वाचनमा दाङ क्षेत्र नम्बर २ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का बिपिनकुमार आचार्य शनिबार विजयी भएपछि खुसी साटासाट गर्दै कार्यकर्ता तथा शुभचिन्तक ।
२) कालीकोटमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का महेन्द्रबहादुर शाही विजयी भएपछि शनिबार निकालिएको विजयी जुलुस ।
३) बाँके क्षेत्र नम्बर २ बाट नेकपा एमालेका उम्मेदवार मोहम्मद इश्तियाक राई विजयी भएपछि शनिबार नेपालगञ्जमा समर्थकसहित विजयोत्सव मनाउँदै ।
४) रास्वपाका उम्मेदवार धर्मराज केसी निर्वाचित भएपछि शनिबार बैंसीसहर नगरपालिका-८ मा विजयी उत्सव मनाउँदै कार्यकर्ता एवं शुभचिन्तकहरु ।

*तस्बिरहरूः रासस*

# कास्कीका तीनवटै क्षेत्रमा रास्वपाको जित



खडकराज पौडेल 'गनेस'



उत्तमप्रसाद पौडेल



बिना गुरुङ

**कास्की (प्रस)–** प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत कास्कीका तीन वटै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार विजयी भएका छन् । शनिबार घोषणा गरिएको अन्तिम मत परिणामअनुसार रास्वपाका उम्मेदवारले तीनवटै क्षेत्रमा फराकिलो अन्तरको जित निकालेका हुन् ।

कास्की-१ मा रास्वपाका खडकराज पौडेल 'गनेस' ३९ हजार ८८३ मत ल्याएर निर्वाचित भए । उनका मुख्य प्रतिस्पर्धी नेपाली कांग्रेसका तिलक रानाभाटले ११ हजार २१४ मत प्राप्त गरे । यस्तै, नेकपा एमालेका वैनबहादुर अधिकारी क्षेत्रीले १० हजार ४२९ र नेपाली कम्युनिस्ट पार्टीका राजकाजी गुरुङले दुई हजार ४७९ मत प्राप्त गरे । यसैगरी कास्की-२ मा रास्वपाका उत्तमप्रसाद पौडेलले ३१ हजार ९११ मत ल्याएर विजयी हुँदा निकटतम प्रतिस्पर्धी एमालेकी रश्मी आचार्यले सात हजार ४९३ मत प्राप्त गरिन् । नेपाली कांग्रेसका माधव बास्तोलाले छ हजार ५०० मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत हिमलाल बेलवासेले जानकारी दिए ।

कास्की-३ मा रास्वपाकी उम्मेदवार बिना गुरुङले ३७ हजार ७५० मत ल्याएर विजयी भइन् । निकटतम प्रतिस्पर्धी कांग्रेसका मनोज गुरुङले १२ हजार ७८० र एमालेका दामोदर पौडेल सात हजार ९०६ मत प्राप्त गरे ।

कास्कीमा कूल तीन लाख आठ हजार ५७२ मतदाता रहेकामा एक लाख ८८ हजार ७६ मत खसेको थियो । प्रदेश निर्वाचन कार्यालयका अनुसार कास्की-१ मा ७० हजार १५०, कास्की-२ मा ५२ हजार ५१९ र कास्की-३ मा ६५ हजार ४०७ मत खसेको थियो ।

# डोटीमा कांग्रेसका खड्का विजयी

**डोटी (प्रस)–** एकमात्र निर्वाचन क्षेत्र रहेको यहाँ नेपाली कांग्रेसका उम्मेदवार भरतबहादुर खड्का निर्वाचित भएको छ । उनले १४ हजार ८९७ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत पदमराज पाण्डेयले जानकारी दिए ।

उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका दीपकबहादुर धामीले १४ हजार ११० मत प्राप्त गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार नरेन्द्र खड्काले १३ हजार २७० मत प्राप्त गर्दा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का उम्मेदवार त्रिलोचन भट्ट पाँच हजार ४१३ मतमा सीमित भएका छन् ।

# नवनिर्वाचित सांसद गुरूङको प्राथमिकतामा मनाङको पर्यटन र पूर्वाधार विकास

**मनाङ (प्रस)–** नवनिर्वाचित प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरुङले मनाङको समग्र उन्नयनमा आफूले पहिलो प्राथमिकता दिने बताएका छन् । प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएपछि उनले आफूलाई अमूल्य मतदान गरी विजयी गराउने सबै मतदातालाई विशेष धन्यवादसमेत दिए ।



बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार गुरुङ दुई हजार ४१५ मत प्राप्त गरी विजयी भएका छन् । उनको प्रतिस्पर्धी नेपाली कम्युनिस्ट पार्टी (नेकपा)की यशोदा सुवेदी गुरुङले ४५४ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत रामप्रसाद पौडेलले जानकारी दिए । उनका अनुसार मंगोल नेसनल अर्गनाइजेसनका रामबहादुर गुरुङ (नवीन)ले नौ मत पाएका छन् ।

यहाँ कूल सात हजार मतदातामध्ये दुई हजार ९२३ मत खसेको र ४५ मत बदर भएको जिल्ला निर्वाचन अधिकारी जीवन कुँवरले जानकारी दिए । जिल्ला कूल मतदाता सात हजार रहेका छन् । अस्थायीसहित २९ मतदान केन्द्रमार्फत मतदाताले मतदान गरेका थिए ।

जिल्लाको विकासमा सक्रिय रहँदै गुरुङ पर्यटन र पूर्वाधार विकाससँगै राजनीतिक प्रतिनिधित्व गर्छन् । २०११ मंसिर ११ गते मनाङ डिङ्स्याङ गाउँपालिका-८ टंकी मनाङमा उनको जन्म भएको थियो । ७१ वर्षीय नेता गुरुङ पार्टीका पाका नेताको रूपमा परिचित छन् । मनाङको पूर्वाधार, पर्यटन, उर्जा क्षेत्रमा विकासमा उनको विशेष योगदान रहेको छ ।

वि.सं. २०७० मा दोस्रो संविधानसभा निर्वाचनमा पनि गुरुङ निर्वाचित भएका थिए । उनी वि.सं. २०७४ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेकपा एमालेका पोल्देन छोपाङ गुरुङसँग २८९ मतले पराजित भएका थिए । त्यसपछि उनी पुनः वि.सं. २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा निर्वाचित भएका थिए ।

नेपाली कांग्रेसका तत्कालीन सभापति सुशील कोइराला प्रधानमन्त्री हुँदा २०७० फागुन १३ गतेदेखि २०७२ पुस ९ गतेसम्म श्रम तथा रोजगार राज्यमन्त्री बनेका थिए । उनी नेपाली कांग्रेस मनाङका नेता एवं पूर्वजिल्ला सभापतिसमेत हुन् ।

# डडेलधुरामा कांग्रेसको विरासत भत्काउँदै रास्वपाका जोशी निर्वाचित

**डडेलधुरा (प्रस)–** नेपाली कांग्रेसका निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको गृहजिल्लामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले जित निकालेको छ । कांग्रेसको ३४ वर्षे विरासत भत्काउँदै रास्वपाका उम्मेदवार डा. ताराप्रसाद जोशी निर्वाचित भएका हुन् । उनले कांग्रेसका उम्मेदवार नैनसिंह महरलाई पराजित गर्दै पहिलोपटक संसद् यात्रा तय गरेका हुन् ।



निर्वाचन अधिकृतको कार्यालयका अनुसार डा. जोशी सात हजार १० मतान्तरले विजयी भएका छन् । उनले १९ हजार १३१ मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी कांग्रेस उम्मेदवार महरले १२ हजार १२१ मत प्राप्त गरेका छन् । यहाँ नेपाली कम्युनिस्ट पार्टीका मानसिंह मालले छ हजार ८३४ र नेकपा एमालेका उम्मेदवार चक्र स्नेहीले तीन हजार २६ मत प्राप्त गरेका छन् ।

यसअघि यहाँ निरन्तर देउवाले जित्दै आएका थिए । जेन-जी आन्दोलनपछि कांग्रेस सभापति पद गुमाएका देउवा यसपटक उम्मेदवार बन्न चाहे पनि उनलाई पार्टीले टिकट दिएन । जसकारण उनी यो निर्वाचन प्रक्रियामा सहभागी नै भएनन् । निर्वाचन हुनुअघि नै उनी उपचारका लागि भन्दै सिंगापुर उडेका थिए ।

विद्यार्थी जीवनदेखि नै राजनीतिमा सक्रिय जोसी लामो समय विभिन्न राजनीतिक तथा सामाजिक आन्दोलनसँग जोडिँदै आएका छन् । उनको राजनीतिक यात्रा वि.सं. २०४५ मा अनेरास्ववियुको प्रारम्भिक कमिटी सदस्यका रूपमा सुरु भएको थियो ।

वि.सं. २०४८ मा शिक्षण पेसामा रहँदा उनी शिक्षक संगठनमा आबद्ध भएका थिए । वि.सं. २०५१ मा नेकपा एमाले डडेलधुरा-काठमाडौं सम्पर्क मञ्चको सदस्य बनेर पार्टी राजनीतिमा सक्रिय भएका जोशी वि.सं. २०५३ मा नेकपा एमाले डडेलधुरा जिल्ला कमिटी सदस्य र वि.सं. २०५४ मा जिल्ला कमिटी सचिव बने ।

वि.सं. २०५५ तिर राजनीतिक जिम्मेवारीसँगै पत्रकारितामा सक्रिय बनेका उनी कञ्चनपुरबाट प्रकाशन हुने 'शिखा' साप्ताहिकको प्रमुख सम्पादकसमेत भएका थिए । जोशी २०६९ सालमा एमाले डडेलधुराको जिल्ला अध्यक्षसमेत भए । राजनीतिक गतिविधिसँगै उनले लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरे । विशेषगरी २०६२/६३ को जनआन्दोलनमा उनको सक्रिय सहभागिता रहेको बताइन्छ ।

राजनीतिमा भने उनले उतारचढाव भोगे । वि.सं. २०७० को संविधानसभा सदस्य निर्वाचनमा उनी नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवासँग पराजित भएको थिए भने २०७४ को प्रदेशसभा निर्वाचनमा कर्णबहादुर मल्लसँग हार बेहोरे ।

वि.सं. २०७९ मा मा भने जोशी स्वतन्त्र उम्मेदवारका रूपमा प्रतिस्पर्धा गर्दै प्रदेशसभा सदस्यमा निर्वाचित भए । वि.सं. २०७८ सालतिर एमाले परित्याग गरेका जोशी त्यसपछि स्वतन्त्र रूपमा राजनीतिकमा सक्रिय भएका थिए ।

गत भदौ २३ र २४ गते भएको 'जेन-जी' आन्दोलनपछि सरकार परिवर्तनको माग चर्किएपछि उनले प्रदेशसभा सदस्य पदबाट राजीनामा दिँदै प्रतिनिधिसभा निर्वाचनमा होमिएका हुन् । राजनीतिशास्त्र र अर्थशास्त्रमा नेपालबाट स्नातक गरेका जोशीले भारतको जवाहरलाल नेहरू विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा विद्यावारिधि हासिल गरेका छन् । अन्तर्राष्ट्रिय सम्बन्ध, विकास नीति, उद्यम विकास, सार्वजनिक वित्त, सार्वजनिक प्रशासन तथा मानवअधिकारका क्षेत्रमा उनको अनुभव छ ।

प्रभाव दैनिक

आइतबार, २४ फागुन २०८२ (Sunday, 08 March 2026)

रूपशाला

**'उड्यो बादल' सार्वजनिक**

युवावस्थाको प्रेम, भावना र हृदयस्पर्शी गीत 'उड्यो बादल' सार्वजनिक भएको छ। स्वदेश फाउन्डेसन नेपालको प्रस्तुतिमा सञ्चारकर्मी किशोर कुमार सेढाईको स्वरमा तयार भएको यस गीतको काठमाडौँमा एक कार्यक्रम बिच सार्वजनिक भएको हो। नयाँपुस्ताका दर्शक तथा श्रोताको रूचिलाई केन्द्रित रहेको उक्त गीतको शब्द केवली सेढाईले कोरेका हुन्। सो गीतको भिडियोलाई राज कुमार दर्जीले निर्देशन गरेका हुन। भिडियोमा दर्जी सँगै सुस्मिता कार्की,किशोर सेढाई,शिवहरि खनाल, ईस्वरा पाण्डेको अभिनय रहेको छ।



# दर्जन फिल्म छायांकनको लाइनमा




**काठमाडौं (प्रस)–** निर्माण इजाजत लिनेको संख्या हेर्दा नेपाली फिल्म उद्योग निकै चलायमान देखिन्छ। तर व्यापारको आँकडा केलाउँदा बक्स अफिसमा सफल हुने फिल्महरूको संख्या नगण्य देखिन्छ।

अहिले करिब दर्जन हाराहारीमा फिल्म छायांकनमा जाने तयारीमा छन्। फिल्म 'डबल ट्रिपल', 'माया भनेकै यस्तो होला', 'जिरो डिग्री', 'छ माया छपक्कै २' देखि 'कालकट्टी' लगायत फ्लोरमा जाने तयारीमा छन्। सामाजिक, डार्क कमेडी, त्रिकोणात्मक प्रेमकथादेखि राजनीतिक व्यंग्य र एक्सन थ्रिलरसम्मका विषयमा यी फिल्म बन्न लागेका हुन्।

छायांकनमा जाने तयारीमा रहेका फिल्महरूमा अधिकांश स्टार र स्थापित कलाकारहरूको बाहुल्य छ। वरिष्ठ निर्देशक, निर्माता तथा कलाकार अशोक शर्माको फिल्म 'डबल ट्रिपल' अहिले फ्लोरको तयारीमा छ। २०८३ साल फागुन १ गतेलाई रिलिज मिति तोकेको फिल्म चुनावपछि छायांकनमा जाने तयारीमा छ। फिल्म छायांकनका लागि सम्पूर्ण तयारी सकिएको निर्देशक शर्माले बताए।

शर्माको फिल्ममा नेपाली फिल्मका स्टार कलाकारहरूको ठुलै जमात देखिनेछ। दयाहाङ राई, खगेन्द्र लामिछाने, मिरुना मगर, केकी अधिकारीदेखि राजाराम पौडेल, विल्सनविक्रम राई, बुद्धि तामाङ र माओत्से गुरुङसम्मले यो फिल्ममा अभिनय गर्दैछन्। फिल्मले पारिवारिक र मनोरञ्जनात्मक कथा पस्कने शर्माको भनाइ छ।

अभिनेत्री रेखा थापा 'माया भनेकै यस्तो होला' बाट निर्देशनमा कमब्याक गर्दैछिन्। महाशिवरात्रिको अवसर पारेर घोषणा गरिएको यो फिल्म फागुन दोस्रो साताबाट छायांकनमा जाने तयारीमा थियो, तर निर्वाचनका कारण फिल्म केही सातापछि सारिएको छ। फागुन २५ बाट फिल्म फ्लोरमा निस्कने रेखाले जानकारी दिइन्।

'हामी फागुन १० गतेबाट छायांकन जाने तयारीमा थियौं। बिचमा निर्वाचनका बेला रोक्नु भन्दा पछि नै सुरु गरौं भनेर सारेका हौं', उनले भनिन्।

फिल्ममा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठसँगै तीन पूर्व मिस नेपालहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र नीति शाहले अभिनय गर्दैछन्। त्रिकोणात्मक प्रेमकथामा निर्माण हुने फिल्म समाजकै वास्तविक घटनाहरूमा आधारित भएर निर्माण गर्न लागिएको बताइन्छ।

आकाश बराल र साजन काफ्लेको संयुक्त निर्देशनमा बन्न लागेको फिल्म 'जिरो डिग्री' पनि फ्लोरको तयारीमा छ। डार्क कमेडी जनरामा आधारित फिल्म दुर्गम गाउँमा आमाबुवाको निधन भएपछि विदेशमा रहेका सन्तानहरू घर नआइपुगुन्जेल शवलाई सुरक्षित राख्न 'डीप फ्रिज' बोकेर लैजाँदा आइपर्ने परिस्थिति र गाउँमा हुने उथलपुथलको कथामा हुनेछ। विजय बराल र सनिशा भट्टराईको मुख्य भूमिका रहने फिल्म फागुन २८ बाट छायांकनमा जाने अभिनेता विजय बरालले बताए।

साजन काफ्ले र आकाश बरालकै निर्देशन रहने फिल्म 'श्रीनिवास' पनि अहिले छायांकन तयारीमा छ। केही समयअघि निर्माण घोषणा भएको फिल्ममा हरिवंश आचार्य र अभिषेक खड्काको मुख्य भूमिका रहनेछ।

सन् २०१९ को ब्लकबस्टर फिल्म 'छ माया छपक्कै'को सिक्वेल 'छ माया छपक्कै २' पनि छायांकनमा जाने तयारीमा छ। दीपकराज गिरी, दीपाश्री निरौला र निर्माता रोहित अधिकारीको सहकार्यमा बन्न लागेको यो फिल्म चैतको पहिलो सातादेखि फ्लोरमा जाने निर्माण युनिटले जनाएको छ। दीपेन्द्र लामाको निर्देशन रहने फिल्ममा नयाँ पुस्ताको राजनीतिलाई प्रमुखताका साथ उठाइनेछ। फिल्ममा दीपकराजसँगै केकी अधिकारी, प्रकाश घिमिरे लगायतको अभिनय रहनेछ। फिल्मको २०८३ सालको दसैंमा प्रदर्शन गर्ने लक्ष्य राखिएको छ।

एक्सन थ्रिलरमा जनरामा निर्माण हुने फिल्म 'पारस' पनि छायांकनमा निस्किने तरखरमा छ। कृषा चौलागाईंको निर्देशन रहने फिल्ममा निखिल उप्रेती, निरुता सिंह, जसिता गुरुङ, प्रियंका कार्की, सुशील श्रेष्ठ लगायत कलाकारको मुख्य अभिनय रहनेछ।

चर्चित बलिउड फिल्म 'ग्याङ्स अफ वासेपुर'का पटकथाकार सचिन लादियाले यसको कथा लेखेका हुन्। फागुन अन्तिमदेखि छायांकन सुरु हुने भनिएको यो फिल्मले नेपाली एक्सन फिल्ममा नयाँ मापदण्ड खडा गर्ने दाबी निर्माण पक्षको छ।

अभिनेता विजय बरालकै अर्को फिल्म 'सिन्दूरे जात्रा' पनि फ्लोरमा जाने तयारीमा छ। सरोज पौडेलको निर्देशनमा बन्ने यस फिल्ममा विजयको जोडी अभिनेत्री अञ्जना बराइली हुनेछिन्। आगामी जेठ १ गतेबाट छायांकनमा जाने भनिएको यो फिल्मको कथा पनि निर्देशक पौडेलकै हो।

रघुजी फिल्म्सको ब्यानरमा बन्ने फिल्म 'कालकट्टी' पनि छिट्टै फ्लोरमा जानेछ। अमरदीप सापकोटाको निर्देशनमा बन्न लागेको 'कालकट्टी' माघ महिनाको अन्त्यतिरबाट छायांकनमा जाने भनिएपछि विभिन्न कारणले सुरु हुन सकेन। फिल्म चैत तेस्रो साताबाट फ्लोरमा जानेछ। फिल्म केहीअघिदेखि नै छायांकनमा जाने तयारी गरेपनि विभिन्न कारण चैतमा पुगेको निर्माता रघुनाथ सापकोटाले बताए। 'समयभन्दा अघि र भाग्यभन्दा बढी केही पाइँदैन' भन्ने मूल मर्म बोकेको यो फिल्मले नेपाली सिनेमामा नयाँ ऊर्जा ल्याउने निर्माता रघुनाथ सापकोटाको दाबी छ।

# प्राश्ना शाक्यको 'प्रियतम' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** कुनै समयकी चर्चित गायिका प्राश्ना शाक्यको नयाँ गीतको भिडियो रिलिज भएको छ। 'बादल वर्षा बिजुली' जस्ता गीतमार्फत दर्शक र श्रोताको मन जित्दै गायनमा चम्केकी प्राश्नाले हालै 'प्रियतम' बोलको गीत ल्याएकी हुन्। जुन गीतको भिडियोलाई दर्शकले रुचाएका छन्।

त्यसो त प्राश्नाका 'आवाज देउ', 'गाउँले जीवन' जस्ता थुपै सुपरहिट गीत छन्। यस पटक पनि उनी दर्शकको मायाको अपेक्षासहित 'प्रियतम' ल्याएकी हुन्। आफ्ना फ्यानहरूका लागि 'प्रेम दिवस' अर्थात भ्यालेनटाइन-डेको अवसरमा नयाँ गीतको भिडियो ल्याएको उनको भनाइ छ।

गायिका प्राश्ना शाक्यलाई नेपाली सांगीतिक क्षेत्रकी 'द नाईटिङल भ्वाइन' समेत भन्ने गरिन्छ। सानै उमेरदेखि नेपाली गीत संगीतमा रुचि राख्ने उनले आफ्नो सांगीतिक कोसेली देश र विदेशमा थुप्रै स्टेज प्रोग्राममा गाइसकेकी छन्।

सार्वजनिक गीतको भिडियोमा मोडल सुदित र श्रीतिकाबीच प्रेम र समर्पण देखाइएको छ। निर्वाण केरुङ्को शब्द र संगीत, उदयराज पौडेलको संगीत संयोजन किशोर थापाको मास्टर मिक्सिङ रहेको छ।

गीतको म्युजिक भिडियो छायांकन तथा सम्पादन र निर्देशन आफै स्वयं लु:ज: सिंहले गरेका हुन्। प्रियतम म्युजिक भिडियो गायिका प्राश्ना शाक्यको युट्युब च्यानलमा हेर्न सकिन्छ।



## एएफसी महिला एसियन कप

# जापानसँग भारतको फराकिलो हार




**काठमाडौं –** दक्षिण एसियाली राष्ट्र भारतले एएफसी महिला एसियन कपमा लगातार दोस्रो हार बेहोरेको छ। शुक्रबार पर्थ रेक्ट्याङ्गुलर रंगशालामा सम्पन्न समूह 'सी'को खेलमा बलियो जापानले भारतलाई ११-० ले हरायो। पाँच गोल पहिलो हाफमा सम्भव भएका थिए।

जितसँगै जापानले क्वार्टरफाइनलमा आफ्नो स्थान सुरक्षित गरेको छ। यसअघि जापानले चाइनिज ताइपेइमाथि २-० को जित हासिल गरेको थियो।

यो नतिजासँगै भारतको क्वार्टरफाइनल पुग्ने सम्भावना न्युन बनेको छ। यसअघि भियतनामसँग २-१ ले पराजित भारतले अन्तिम खेलमा चाइनिज ताइपेइलाई हराउनै पर्ने हुन्छ।

अस्ट्रेलियाका तीन सहर पर्थ, गोल्ड कोस्ट र सिड्नीमा हुने प्रतियोगितामा १२ टोलीले उपाधिका लागि चुनौती प्रस्तुत गरिरहेका छन्। दक्षिण एसियाबाट बंगलादेशले ऐतिहासिक पहिलो पटक महादेशीय प्रतियोगिता खेलिरहेको छ। त्यस्तै भारत आफ्नो नवौं अनुभव लिइरहेको छ।

सहभागी टोलीलाई तीन समूहमा विभाजन गरिएको छ। लिगकम नकआउट प्रतियोगितामा प्रत्येक समूहका शीर्ष दुई टोलीले क्वार्टरफाइनलमा स्थान पक्का गर्नेछ। त्यस्तै तेस्रो स्थानमा अटाएका दुई उत्कृष्ट टोलीले पनि अन्तिम आठको यात्रा तय गर्नेछ। सेमिफाइनल पुग्ने चार र क्वार्टरफाइनलमा पराजित चारमध्ये एक टोलीले सन् २०२७ मा ब्राजिलमा हुने फिफा विश्वकपमा स्थान बनाउनेछ।

भियतनाम तीन अंकका साथ अहिले अंकतालिकाको तेस्रो स्थानमा छ। चाइनिज ताइपेइ समान अंकका साथ दोस्रो स्थानमा उक्लिँदा भारत प्रतियोगिताबाट बाहिरिने निश्चित जस्तै बनेको छ। भारतले आफ्नो अन्तिम खेलमा मंगलबार चाइनिज ताइपेइ तथा जापानले भियतनामसँग खेल्नेछ। *एजेन्सी*

## टी-२० विश्वकप

# भारत र न्यूजिल्याण्डबीच उपाधि भिडन्त आज

■ प्रभाव संवाददाता




**काठमाडौं–** भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरेको आइसिसी टी-२० विश्वकपको फाइनल खेल आज हुँदैछ। अहमदाबादमा हुने फाइनल खेलमा उपाधिका लागि भिड्दैछन् आयोजक भारत र न्युजिल्यान्ड।

फाइनल प्रवेशका लागि अन्तिम चारमा न्युजिल्यान्डले दक्षिण अफ्रिकामाथि प्रभावशाली जित हासिल गरेको थियो भने भारतले पनि इङ्ल्यान्डविरुद्ध रोमाञ्चक जित हात पारेको थियो।

भारत समूह चरणमा अपराजित रहँदै सुपर ८ मा पुगेको थियो। सुपर ८ मा भने दक्षिण अफ्रिकासँग पराजित भएको थियो। समूह चरणमा दक्षिण अफ्रिका तथा सुपर ८ मा इङ्ल्यान्डसँग पराजित भए पनि न्युजिल्यान्डले सेमिफाइनलमा बाजी मारेको थियो।

न्युजिल्यान्डका लागि यस विश्वकपमा सबभन्दा धेरै रन बनाउने खेलाडी ओपनर फिन एलेन हुन्। उनले ८ खेल खेल्दै २८९ रन बनाएका छन्। दोस्रोमा टिम साइफर्ट, तेस्रोमा ग्लेन फिलिप्स र चौथोमा रचिन रविन्द्र छन्। धेरै लिकेट लिनेमा चाँही ११ विकेटका साथ रचिन शीर्ष स्थानमा छन्। दोस्रो स्थानमा म्याट हेनरी, तेस्रोमा लकी फर्गुसन तथा चौथोमा ग्लेन फिलिप्स छन्।

भारतका लागि उच्च रनकर्ता ८ खेलमा २६३ रनका बनाएका इशान किशन हुन्। कप्तान सूर्यकुमार यादव दोस्रो, सञ्जु स्यामसन तेस्रो तथा शिभम दुवे धेरै रन बनाउनेको चौथो स्थानमा छन्। बलिङतर्फ वरुण चक्रवर्तीले सबभन्दा धेरै १३ विकेट लिएका छन्। भारतीय टिममा त्यसपछि जसप्रित बुमराह, अर्शदिप सिंह र अक्षर पटेलको योगदान बलबाट बढि छ।

भारतले फाइनलसम्म पुग्ने क्रममा समूह चरणमा अमेरिकालाई २९ रनले हराएको थियो भने नामिबियामाथि ९३ रनको फराकिलो जित हासिल गरेको थियो। यसैगरी छिमेकी चिर प्रतिद्वन्द्वी पाकिस्तानलाई ६१ रन र नेदरल्यान्ड्समाथि १७ रनको जित हात पारेको थियो।

सुपर ८ मा दक्षिण अफ्रिकासँग ७६ रनले पराजित भएपछि जिम्बाब्वेलाई ७२ रन तथा वेस्ट इन्डिजलाई ५ विकेटले हराउँदै भारतले अन्तिम चारको यात्रा तय गरेको थियो। त्यस्तै सेमिफाइनलमा इङ्ल्यान्डमाथि ७ रनको जित हासिल गर्दै भारत फाइनल प्रवेश गरेको थियो।

यसैगरी न्युजिल्यान्डले समूह चरणमा अफगानिस्तानमाथि ५ विकेट तथा युएईमाथि १० विकेटको जित हासिल गरेको थियो भने टोली दक्षिण अफ्रिकासँग ७ विकेटले पराजित भएको थियो। क्यानाडालाई अन्तिम खेलमा ८ विकेटले हराउँदै सुपर ८ पुगेको थियो।

सुपर ८ मा पाकिस्तानविरुद्धको पहिलो खेल वर्षाका कारण रद्द हुँदा बाँकी दुई खेलमध्ये श्रीलंकालाई ६१ रनको फराकिलो अन्तरमा हराएको न्युजिल्यान्ड इङ्ल्यान्डसँग ४ विकेटको हार स्वीकार्न बाध्य भएको थियो।

निक्कै रोमाञ्चक सेमिफाइनलमा भने दक्षिण अफ्रिकाको चुनौती ९ विकेटले पन्छाउँदै न्युजिल्यान्ड जारी विश्वकपको फाइनल पुग्ने पहिलो टिम बन्न सफल भएको थियो।

भारत ट्वान्टी-२० विश्वकपको इतिहासमा सर्वाधिक चौथो पटक उपाधीका लागि खेल्दैछ। सन् २००७ तथा सन् २०२४ को च्याम्पियन भारत सन् २०१४ मा भने उपबिजेता बनेको थियो। साविक विजेताको रूपमा घरेलु मैदानमा फाइनल खेल्न लागेको भारतले धेरै फाइनल खेल्ने कीर्तिमान पनि बनाउँदैछ। न्युजिल्यान्डले ट्वान्टी-२० विश्वकपको हालसम्म उपाधी जित्न नसक्दा दोस्रो फाइनल खेल्दैछ। सन् २०२१ को विश्वकपमा अस्ट्रेलियासँग पराजित हुदै न्युजिल्यान्ड उपविजेतामा सीमित भएको थियो।



इण्डोनेसियाको बान्दा आचेमा मुस्लिम पवित्र रमजानको महिनामा कुरानको अवतरणको सम्झनामा इफ्तारमा बाँड्नका लागि 'कुआ बेउलांगोंग' भनिने परम्परागत परिकार पकाइँदै । *तस्बिरः एएफपी*

# रूसी तेल किनिरहने भारतको अडान

**नयाँदिल्ली–** मध्यपूर्वमा चर्किएको युद्धका कारण विश्व ऊर्जा बजारमा अनिश्चितता बढिरहेका बेला भारतले रुसी कच्चा तेल आयात जारी राख्ने स्पष्ट संकेत दिएको छ । भारतीय सरकारले शनिबार जारी गरेको जानकारीअनुसार नयाँदिल्लीले रुसी तेल किन्ने विषयमा कुनै पनि देशको अनुमति आवश्यक नपर्ने अडान राखेको छ ।

इरानविरुद्ध अमेरिका-इजरायलको सैन्य अभियान र त्यसको प्रतिक्रियामा तेहरानले खाडी क्षेत्रमा थालेका आक्रमणका कारण अन्तर्राष्ट्रिय ऊर्जा र ढुवानी क्षेत्रमा ठूलो असर परेको छ । यसले विश्वव्यापी रूपमा तेलको मूल्य तीव्ररूपमा बढाएको छ र आपूर्ति शृंखलामा अनिश्चितता थपिएको छ ।

यसैबीच अमेरिकाले बिहीबार रुसविरुद्ध लगाइएको आर्थिक प्रतिबन्धमा अस्थायी रूपमा ढिलाइ गर्दै समुद्रमा रोकिएका रुसी तेल भारतलाई बेच्न अनुमति दिएको थियो । उक्त निर्णयले भारतले रुसी तेल खरिद गर्न सक्ने बाटो खुलेको मानिएको थियो ।

तर भारत सरकारले भने यस्तो छुटमा निर्भर नभएको स्पष्ट पारेको छ । सरकारको प्रेस सूचना ब्युरोले जारी गरेको विज्ञप्तिमा भारतले रुसी तेल खरिदका लागि कुनै पनि देशको अनुमति आवश्यक नपर्ने उल्लेख गरिएको छ । विज्ञप्तिमा भारतले फेब्रुअरी २०२६ मा पनि रुसी तेल आयात गरिरहेको र रुस अझै भारतको सबैभन्दा ठूलो कच्चा तेल आपूर्तिकर्ता रहेको जनाइएको छ ।

यसअघि नयाँदिल्लीले रुसी तेल खरिद रोक्ने प्रतिबद्धता व्यक्त गरेको भन्ने चर्चा सार्वजनिक भएपछि वासिङ्टनले फेब्रुअरीमा भारतीय निर्यातमा लगाइएको २५ प्रतिशत शुल्क फिर्ता लिएको थियो । उक्त कदम अन्तरिम व्यापार सम्झौतासँग जोडिएको थियो ।

तर उक्त कथित प्रतिबद्धता संयुक्त वक्तव्यमा समावेश गरिएको थिएन । भारत सरकारले पनि रुसी तेल खरिद रोक्ने वाचा गरेको हो वा होइन भन्ने विषयमा स्पष्ट पुष्टि वा अस्वीकार दुवै गरेको छैन । नयाँदिल्लीले आफ्ना ऊर्जा नीतिहरू राष्ट्रिय हितका आधारमा तय हुने बताउँदै आएको छ ।

सरकारले हाल देशसँग कच्चा तेल र पेट्रोलियम उत्पादनको पर्याप्त भण्डार रहेको जनाएको छ । विज्ञप्तिअनुसार भारतसँग करिब २५ करोड ब्यारेल कच्चा तेल र पेट्रोलियम पदार्थको भण्डार रहेको छ, जसले अल्पकालीन आपूर्ति अवरोधहरू सामना गर्न सहयोग पुऱ्याउने बताइएको छ ।

यद्यपि विश्वबजारमा मूल्य बढ्दै जाँदा भारतमा केही ऊर्जा उत्पादनको मूल्यमा असर देखिन थालेको छ । शनिबार सरकारले घरेलु प्रयोगका लागि प्रयोग हुने लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी) सिलिण्डरको मूल्य सात प्रतिशतले बढाएको घोषणा गरेको छ ।

विश्वबजारमा कच्चा तेलको मूल्य तीव्ररूपमा बढिरहेको छ । शुक्रबार मात्र तेलको मूल्य ८.५ प्रतिशतले बढेको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले 'विनासर्त आत्मसमर्पण' गरेमात्रै मध्यपूर्व युद्ध अन्त्य हुन सक्ने बताएका कारण बजारमा थप तनाव बढेको र हप्ताभरमा तेलको मूल्य करिब ३० प्रतिशतले उकालो लागेको छ ।

यसैबीच भारतले एलपिजी उत्पादन बढाउने प्रयास पनि सुरु गरेको छ । यस हप्ताको सुरुआतमा भारतको पेट्रोलियम मन्त्रालयले देशका रिफाइनरीहरूलाई प्रोपेन र ब्युटेन स्ट्रिम प्रयोग गरेर उत्पादन बढाउन निर्देशन दिएको थियो ।

डेटा इन्टेलिजेन्स कम्पनी केप्लरका अनुसार भारत विश्वको दोस्रो ठूलो एलपिजी खरिदकर्ता हो । भारतले प्रयोग गर्ने एलपिजीको ९० प्रतिशतभन्दा बढी आपूर्ति मध्यपूर्वबाट आयात हुने भएकाले त्यहाँको तनावले भारतीय ऊर्जा बजारमा प्रत्यक्ष प्रभाव पार्ने सम्भावना रहेको बताइएको छ । *रासस/एएफपी*

# इरानलाई साउदीको चेतावनी



**रियाद–** इरानबाट मिसाइल र ड्रोन आक्रमणको प्रयास भएपछि साउदी अरेबियाले तेहरानलाई 'गलत गणना' नगर्न चेतावनी दिएको छ । साउदी रक्षामन्त्री प्रिन्स खालिद बिन सलमानले क्षेत्रीय सुरक्षा र स्थिरतामा जोखिम बढ्ने भन्दै इरानलाई संयमता अपनाउन आग्रह गरे ।

साउदी रक्षा मन्त्रालयका अनुसार पछिल्ला दिनहरूमा राज्यका विभिन्न स्थानलाई लक्षित गरी गरिएको मिसाइल र ड्रोन आक्रमणहरू सफल हुन नदिई अवरोध गरिएको छ । तीमध्ये अमेरिकी सैन्य कर्मचारीहरू रहेको एक हवाई अड्डातर्फ प्रक्षेपण गरिएका क्षेप्यास्त्रहरू पनि समावेश छन् ।

इरानविरुद्ध अमेरिका-इजरायलले सुरु गरेको सैन्य कारबाहीपछि मध्यपूर्वमा क्षेत्रीय युद्धको अवस्था सिर्जना भएको एक हप्तापछि तेहरानले खाडी क्षेत्रभरि आक्रमणको प्रयास गरिरहेको बताइएको छ । विश्वकै प्रमुख तेल निर्यातकर्तामध्ये एक साउदी अरेबियाले यस हप्ताको सुरुआतमा पूर्वी क्षेत्रमा रहेको रास तनुरा रिफाइनरीलाई लक्षित गरी कम्तीमा दुईवटा ड्रोन आक्रमण भएको जानकारी दिएको थियो ।

यसै सन्दर्भमा प्रिन्स खालिदले पाकिस्तानका सेनाप्रमुखसँग भेटवार्ता गरेपछि सामाजिक सञ्जाल एक्समार्फत दुई देशबीचको छलफल सार्वजनिक गरेका छन् । उक्त भेटमा साउदी अरेबियाविरुद्ध भएका इरानी आक्रमणहरू र तिनलाई रोक्न आवश्यक उपायबारे विचार आदानप्रदान भएको उनले उल्लेख गरे ।

प्रिन्स खालिदका अनुसार छलफलका क्रममा यस्ता आक्रमणहरूले क्षेत्रीय सुरक्षा र स्थिरतालाई कमजोर बनाउने विषयमा जोड दिइएको थियो । साथै, इरानी पक्षले विवेकपूर्ण व्यवहार गर्दै सम्भावित गलत आकलनबाट बच्ने अपेक्षा व्यक्त गरिएको उनले बताए ।

साउदी रक्षा मन्त्रालयले यसअघि राजधानी रियादको दक्षिणपूर्वमा रहेको प्रिन्स सुल्तान एयर बेसतर्फ प्रक्षेपण गरिएको एक ब्यालेस्टिक मिसाइललाई अवरोध गरी नष्ट गरिएको जनाएको थियो । उक्त जानकारी मन्त्रालयले सामाजिक सञ्जाल एक्समार्फत सार्वजनिक गरेको थियो । पछि साउदी प्रेस एजेन्सीले सोही हवाई अड्डातर्फ अर्को क्षेप्यास्त्र प्रहार गरिएको रिपोर्ट गरेको छ । रक्षा मन्त्रालयका प्रवक्तालाई उद्धृत गर्दै उक्त मिसाइल पनि सफलतापूर्वक अवरोध गरिएको बताइएको छ ।

समाचार एजेन्सीका अनुसार संयुक्त अरब इमिरेट्सको सीमाना नजिकै रहेको शायबाह तेल क्षेत्रलाई लक्षित गरी कम्तीमा १७ वटा ड्रोन आक्रमण गरिएको थियो । ती सबै ड्रोनहरू अवरोध गरी नष्ट गरिएको बताइएको छ ।

यसका अतिरिक्त रियादको पूर्वी क्षेत्रमा लक्षित गरी प्रक्षेपण गरिएका दुईवटा ड्रोन पनि रोकिएको रक्षा मन्त्रालयले जनाएको छ । लगातार भइरहेका यस्ता प्रयासहरूले खाडी क्षेत्रको सुरक्षा अवस्थाबारे थप चिन्ता उत्पन्न गरिरहेको अधिकारीहरूले बताएका छन् । *रासस/एएफपी*

# मध्यपूर्व युद्धः तनाव तीव्र, आक्रमण र प्रतिआक्रमण जारी



**वासिङ्टन–** अमेरिका-इजरायल र इरानबीच चर्किएको मध्यपूर्व युद्ध अझ फैलिँदै जाँदा क्षेत्रभरि सैन्य गतिविधि तीव्र बनेको छ । खाडी क्षेत्रदेखि लेबनान, सिरिया र इराकसम्म विष्फोट, क्षेप्यास्त्र प्रहार, ड्रोन आक्रमण र सैन्य कारबाहीका खबरहरू आएका छन् भने विश्व अर्थतन्त्र र ऊर्जा आपूर्तिमा पनि यसको प्रभाव देखिन थालेको छ ।

शनिबार दुबई र बहराइनको राजधानी मानामामा शक्तिशाली विष्फोटको आवाज सुनिएको एएफपीका पत्रकारहरूले जनाएका छन् । इरानले खाडी क्षेत्रका लक्ष्यहरूमा प्रतिशोधात्मक आक्रमण सुरु गरेको एक हप्तापछि यी विष्फोटहरू सुन्निएको हो । मानामामा चेतावनी साइरन बजाइएको थियो र बहराइनको गृह मन्त्रालयले सामाजिक सञ्जालमार्फत स्थानीय बासिन्दालाई नजिकको सुरक्षित स्थानमा जान आग्रह गरेको थियो ।

यसैबीच अमेरिकी विदेश मन्त्रालयले इजरायललाई १२ हजार बम क्यासिङ बिक्री गर्न 'आपत्कालीन' स्वीकृति दिएको जनाएको छ । विदेश मन्त्रालयको राजनीतिक-सैन्य मामिला ब्युरोका अनुसार प्रस्तावित बिक्रीले इजरायलको रक्षा क्षमता सुदृढ बनाउने, वर्तमान र भविष्यका खतराहरू सामना गर्न सहयोग गर्ने तथा क्षेत्रीय खतराविरुद्ध निवारकका रूपमा काम गर्ने अपेक्षा गरिएको छ ।

इरानबाट गरिएको क्षेप्यास्त्र आक्रमणपछि इजरायली सेनाले देशभरि हवाई आक्रमणको चेतावनी जारी गरेको जनाएको छ । इरानले आफ्नो सर्वोच्च नेता आयातुल्ला अली खामेनीको हत्या र देशभरका लक्ष्यहरूमा गरिएको अमेरिका-इजरायलको संयुक्त सैन्य कारबाहीको बदला लिन इजरायलमाथि लगातार आक्रमण गरिरहेको बताइएको छ ।

यसै क्रममा लेबनान-सिरिया सीमामा पनि तनाव चर्किएको छ । लेबनानी सरकारी मिडियाका अनुसार इजरायलले उक्त क्षेत्रमा अवतरण कारबाहीको प्रयास गर्दा झडप भएको थियो । तेहरान समर्थित हिजबुल्लाहले आफ्ना लडाकुहरू त्यस झडपमा संलग्न रहेको जनाएको छ । खामेनीको हत्याको बदला भन्दै हिजबुल्लाहले सोमबार इजरायलतर्फ क्षेप्यास्त्र प्रहार गरेपछि इजरायलले लेबनानमा थप सेना पठाएको थियो ।

खाडी क्षेत्रमा पनि आक्रमणको प्रयास जारी रहेको छ । साउदी अरेबियाको रक्षा मन्त्रालयले अमेरिकी सैन्य कर्मचारीहरू बसोबास गर्ने एक हवाई अड्डातर्फ प्रहार गरिएको ब्यालेस्टिक मिसाइल अवरोध गरिएको जनाएको छ । राज्य समाचार एजेन्सीका अनुसार यसअघि पूर्वी क्षेत्रमा रहेको रास तनुरा रिफाइनरी लक्षित गरी गरिएको ड्रोन आक्रमणपछि इमिराती सीमासँगैको तेल क्षेत्रमा गरिएको अर्को ड्रोन आक्रमण पनि विफल पारिएको थियो ।

इरानको राजधानी तेहरानमा पनि शनिबार ठूलो विष्फोट भएको इरानी राज्य प्रसारणकर्ताले जनाएको छ । त्यसपछि इजरायली सेनाले तेहरानका लक्ष्यहरूमा 'व्यापक स्तरका आक्रमण' सुरु गरिएको पुष्टि गरेको थियो । इजरायलका अनुसार इरानबाट नयाँ चरणको क्षेप्यास्त्र प्रहार भएपछि तेल अभिभ क्षेत्रमा शृंखलाबद्ध विष्फोट सुनिएका थिए ।

इजरायलले इरानमाथि युद्ध सुरु भएयता 'धेरै पटक' क्लस्टर बम प्रयोग गरेको आरोप पनि लगाएको छ । यी हतियारहरू हावामा विष्फोट भएर साना बमहरू छरिने भएकाले लामो समयसम्म नागरिकका लागि जोखिमपूर्ण हुने मानिन्छ । इरान र इजरायल दुवै क्लस्टर बमको प्रयोग र उत्पादन प्रतिबन्ध गर्ने अन्तर्राष्ट्रिय महासन्धिमा सहभागी छैनन् ।

यसैबीच अमेरिकाले रुसले इरानलाई खुफिया सहयोग दिएको भन्ने समाचारबारे टिप्पणी गरेको छ । वासिङ्टन पोस्टले अमेरिकी गुप्तचर अधिकारीहरूलाई उद्धृत गर्दै रुसले इरानलाई जहाज र विमानसहित अमेरिकी सैन्य सम्पत्तिको अवस्थाबारे जानकारी उपलब्ध गराएको जनाएको थियो । तर ह्वाइट हाउसले यस विषयलाई कम महत्त्व दिँदै पेन्टागन प्रमुख पीट हेगसेथले अमेरिकी कमाण्डरहरू अवस्थाबारे पूर्णरूपमा सचेत रहेको बताएका छन् ।

## आत्मसमर्पण नगर्ने इरानको अडान

**तेहरान–** मध्यपूर्वमा जारी युद्ध दोस्रो हप्तामा प्रवेश गरिरहेका बेला इरानले इजरायल र संयुक्त राज्य अमेरिकासामु कहिल्यै आत्मसमर्पण नगर्ने स्पष्ट अडान दोहोऱ्याएको छ । इरानका राष्ट्रपति मसुद पेजेस्कियानले राष्ट्रलाई सम्बोधन गर्दै आफ्नो देशले बाह्य दबाबकाबीच पनि संघर्ष जारी राख्ने बताए ।

सरकारी टेलिभिजनबाट प्रसारण गरिएको भाषणमा राष्ट्रपति पेजेस्कियानले इरानमाथि आक्रमण गर्ने पक्षहरूले इरानी जनतालाई झुकाउन सकिन्छ भन्ने सोच राख्नु गलत हुने टिप्पणी गरे । उनका अनुसार इरानका सत्रुहरूले 'इरानी जनताले आफ्नो चिहानमै गएरमात्र विनासर्त आत्मसमर्पण गर्ने इच्छा राख्नुपर्छ' भन्ने कुरा बुझ्नुपर्ने छ ।

फेब्रुअरी २८ मा इजरायल र संयुक्त राज्य अमेरिकाले इरानविरुद्ध सैन्य आक्रमण सुरु गरेपछि क्षेत्रीय तनाव तीव्र बनेको थियो । सो आक्रमणमा इस्लामिक गणतन्त्रका सर्वोच्च नेता आयातुल्ला अली खामेनी मारिएको बताइएको छ, जसपछि मध्यपूर्वमा व्यापक द्वन्द्व सुरु भएको हो ।

त्यसपछि इरानले प्रतिक्रियास्वरूप क्षेत्रीय देशहरूमा रहेका इजरायली तथा अमेरिकी हितका लक्ष्यहरूमा मिसाइल र ड्रोन आक्रमण गरेको छ । ती आक्रमणहरू विशेषगरी खाडी क्षेत्रका देशहरूमा केन्द्रित रहेको बताइएको छ ।

खामेनीको हत्यापछि इरानमा अन्तरिम नेतृत्व परिषद् गठन गरिएको छ, जसमा राष्ट्रपति पेजेस्कियानले पनि सदस्यका रूपमा जिम्मेवारी सम्हालिरहेका छन् । उक्त परिषद् तीन सदस्यीय रहेको बताइएको छ ।

यसैबीच, राष्ट्रपति पेजेस्कियानले इरानका कारबाहीबाट प्रभावित छिमेकी देशहरूसँग क्षमायाचना पनि गरेका छन् । भाषणका क्रममा उनले आफ्नातर्फबाट तथा इरानको तर्फबाट ती देशहरूसँग माफी मागेको बताए ।

उनले इरानले छिमेकी देशहरूलाई लक्षित गर्ने नीति नअपनाउने स्पष्ट पारे । अन्तरिम नेतृत्व परिषद्ले यसबारे सहमति गरिसकेको भन्दै उनले अब छिमेकी राष्ट्रहरूबाट इरानमाथि आक्रमण नभएसम्म त्यस्ता देशहरूतर्फ कुनै मिसाइल प्रहार नगर्ने निर्णय भएको जानकारी दिए । *रासस/एएफपी*

इरानले भने आफ्नो नेतृत्व चयन प्रक्रियामा अमेरिकी हस्तक्षेप अस्वीकार गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले खामेनीको उत्तराधिकारी चयन प्रक्रियामा आफू संलग्न हुनुपर्ने बताएका थिए । त्यसप्रति प्रतिक्रिया दिँदै संयुक्त राष्ट्रसंघका लागि इरानका राजदूत अमिर सइद इरवानीले इरानको नेतृत्व चयन संवैधानिक प्रक्रिया र जनताको इच्छाअनुसार हुने स्पष्ट पारे ।

युद्ध चर्किँदै जाँदा अमेरिकाले हतियार उत्पादन बढाउने घोषणा पनि गरेको छ । ट्रम्पका अनुसार प्रमुख अमेरिकी रक्षा कम्पनीहरूले उन्नत हतियारको उत्पादन चार गुणासम्म बढाउन सहमति जनाएका छन् । अमेरिकी सेनाका अनुसार द्वन्द्व सुरु भएको पहिलो सातामै तीन हजारभन्दा बढी लक्ष्यमा प्रहार गरिएको छ ।

युद्धको असर विश्व अर्थतन्त्रमा पनि देखिन थालेको छ । खाडी क्षेत्रमा तेल आपूर्ति अवरुद्ध हुने आशंकाले कच्चा तेलको मूल्य तीव्ररूपमा बढेको छ । वेस्ट टेक्सास इन्टरमिडियेट कच्चा तेलको मूल्य शुक्रबार १२ प्रतिशतले बढेर प्रतिब्यारेल ९०.९२ डलर पुगेको छ । यो साप्ताहिक रूपमा ठूलो वृद्धि मानिएको छ ।

इराकमा पनि तनाव बढेको छ । रकेटहरूले बगदाद अन्तर्राष्ट्रिय विमानस्थल परिसरलाई लक्षित गरेका थिए, जहाँ सैन्य आधार र अमेरिकी कूटनीतिक सुविधा रहेका छन् । 'सराया अवलिया अल-दम' नामक छद्म समूहले उक्त आक्रमणको जिम्मेवारी लिएको दाबी गरेको छ, जसलाई इरान समर्थित इस्लामिक प्रतिरोध समूहको हिस्सा मानिन्छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले कुवेतमा इरानी ड्रोन आक्रमणमा मारिएका छ जना अमेरिकी सैनिकको पार्थिव शरीर स्वदेश फर्किने क्रममा आफू उपस्थित हुने बताएका छन् । उनका अनुसार दक्षिणी औद्योगिक केन्द्र पोर्ट शुआइबामा भएको आक्रमणमा ती सैनिक मारिएका थिए ।

दक्षिणी लेबनानमा संयुक्त राष्ट्रसंघको शान्ति सेनाको आधार क्षेत्रमा भएको आक्रमणमा घानाका धेरै शान्ति सैनिक घाइते भएको पनि रिपोर्ट आएको छ । आक्रमण कसले गरेको भन्ने स्पष्ट नभए पनि त्यस क्षेत्रमा इजरायल र हिजबुल्लाहबीच लगातार लडाइँ भइरहेको छ । यसबीच ट्रम्पले युद्ध अन्त्यका लागि इरानले 'विनासर्त आत्मसमर्पण' गर्नुपर्ने माग दोहोऱ्याएका छन् । उनले इरानले यस्तो कदम चालेमा देशको अर्थतन्त्र पुनर्निर्माणमा सहयोग गर्ने वाचा पनि गरेका छन् । यो प्रस्ताव अमेरिकाले यसअघि बताएको सैन्य उद्देश्यभन्दा अझ व्यापक भएको विश्लेषण गरिएको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले भने मध्यपूर्वमा भइरहेको 'गैरकानुनी आक्रमण' को निन्दा गर्दै युद्ध नियन्त्रण बाहिर जान सक्ने चेतावनी दिएका छन् । उनका अनुसार जारी संकटले ठूलो मानवीय पीडा निम्त्याइरहेको छ र विश्व अर्थतन्त्रका लागि गम्भीर जोखिम सिर्जना गरिरहेको छ ।

युद्धको प्रभाव प्रमुख जलमार्ग स्ट्रेट अफ होर्मुजमा पनि देखिएको छ । एएफपीले विश्लेषण गरेको मरिन ट्राफिक डेटाअनुसार सोमबारदेखि केवल नौ तेल ट्याांकर, कार्गो र कन्टेनर जहाजमात्र उक्त जलमार्गहुँदै गुज्रिएका छन् । सामान्य अवस्थामा विश्वको कच्चा तेलको करिब २० प्रतिशत र तरलीकृत प्राकृतिक ग्यासको करिब २० प्रतिशत यही मार्गबाट ओसारपसार हुने गर्दछ ।

यता फ्रान्सले पनि भूमध्यसागर क्षेत्रमा सैन्य उपस्थिति बढाएको छ । फ्रान्सेली सेनाका अनुसार हेलिकप्टर बोक्ने जहाज त्यहाँ तैनाथ गरिएको छ । पेरिसले यसअघि नै आफ्नो मुख्य एयरक्राफ्ट क्यारियर र फ्रिगेटहरू पनि क्षेत्रतर्फ पठाउने निर्णय गरेको जनाएको छ । *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ३१३४०० | प्रति तोला - ० | प्रति तोला - ५४४५ |



**सितलचिनी खेती** | दाङको घोराही उपमहानगरपालिका-१६ स्थित तेरौटेमा किसानले व्यावसायिक रूपमा गरेको सितलचिनी खेती ।

*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# अमेरिका-इजरायल आक्रमणपछि कच्चा तेलको भाउ बढ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं –** मध्यपूर्वमा बढ्दो तनावका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ तीव्र रूपमा बढेको छ । अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि विश्व बजारमा तेलको मूल्य उकालो लागेको हो । शनिबार अन्तर र्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेर प्रतिव्यारेल १०३.२ डलर पुगेको अन्तर्राष्ट्रिय ऊर्जा बजारसम्बन्धी वेबसाइट आयलप्राइस डटकमले जनाएको छ ।

मुरबान क्रुडको मूल्य करिब ९.२४ प्रतिशतले वृद्धि भएको छ । यस्तै ब्रेन्ट क्रुडको मूल्य ८.५२ प्रतिशत बढेर प्रतिव्यारेल ९२.६९ डलर पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडिएट (डब्लुटिआई) को मूल्य १२.२१ प्रतिशत बढेर ९०.९० डलरसम्म पुगेको छ ।

मध्यपूर्वमा जारी युद्ध लम्बिएमा तेलको मूल्य सन् २०२२ को रेकर्डभन्दा पनि माथि जान सक्ने अनुमान गरिएको छ । रुस-युक्रेन युद्ध सुरु हुँदा कच्चा तेलको मूल्य प्रतिव्यारेल १४० डलरसम्म पुगेको थियो । त्यसपछि भने क्रमशः घटेर ५५ डलरसम्म झरेको थियो । अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य निरन्तर बढिरहेकाले यसको प्रभाव नेपालमा पनि पर्ने देखिएको छ । नेपाल आयल निगमका कार्यकारी निर्देशक चण्डीका भट्टका अनुसार आपूर्तिमा तत्काल समस्या नआए पनि मूल्यमा भने दबाब पर्न सक्नेछ ।

गत शनिबार बिहानदेखि अमेरिका र इजरायलले इरानमाथि सैन्य आक्रमण तीव्र पारेका छन् । इरानको राजधानी तेहरानसहित विभिन्न क्षेत्रमा भीषण आक्रमण भइरहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । आक्रमणको जवाफमा इरानले कतार, संयुक्त अरब इमिरेट्स, बहराइन, साउदी अरेबिया, जोर्डन तथा इजरायलतर्फ मिसाइल प्रहार गरेको बताइएको छ ।

यस घटनापछि मध्यपूर्व क्षेत्रमा हवाई उडान अवरुद्ध हुनुका साथै समुद्री यातायातसमेत प्रभावित भएको छ । युद्ध लम्बिएमा तेल उत्पादन तथा आपूर्तिमा ठूलो असर पर्ने विश्लेषकहरूले बताएका छन् ।

विशेषगरी विश्वको एकतिहाइभन्दा बढी कच्चा तेलको व्यापार हुने पर्सियन खाडी क्षेत्रको हर्मुज जलडमरू मार्ग प्रभावित भएपछि विश्व बजारमा तेल आपूर्तिको चिन्ता बढेको छ । यो मार्ग बन्द भए साउदी अरेबियालगायत प्रमुख तेल उत्पादक देशबाट हुने आपूर्तिमा असर पर्न सक्छ । यसअघि यो वर्ष विश्व तेल बजार अपेक्षाकृत कमजोर रहने अनुमान गरिएको थियो । तर अमेरिका-इरान तनावले ती प्रक्षेपणहरू परिवर्तन हुन सक्ने देखिएको छ ।

तेल कम्पनीहरूले सन् २०२६ को अन्त्यसम्म वेस्ट टेक्सास इन्टरमिडिएट (डब्लुटिआई) को मूल्य प्रतिव्यारेल करिब ६२ डलर रहने अनुमान गरेका छन् । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले सन् २०२५ मा ब्रेन्ट क्रुडको औसत मूल्य प्रतिव्यारेल ६५.३२ डलर हुने अनुमान गरेको थियो ।

एजेन्सीका अनुसार सन् २०२६ मा ब्रेन्ट क्रुडको औसत मूल्य ५५.०८ डलर तथा डब्लुटिआईको औसत ५१.४२ डलर रहने अपेक्षा गरिएको छ ।

दीर्घकालीन रूपमा सन् २०२७ र २०२८ मा कच्चा तेलको औसत मूल्य प्रतिव्यारेल ६९ डलर तथा २०२९ र २०३० सम्ममा करिब ७५ डलरसम्म पुग्ने अनुमान गरिएको छ ।

कच्चा तेलको मूल्यसँगै विश्व बजारमा सुन र अमेरिकी डलरको भाउ पनि बढ्दै गएको छ । यसले विश्वव्यापी रूपमा महँगी बढ्ने सम्भावना देखिएको छ ।

मतगणना

# पूर्वअर्थमन्त्री पौडेलले लज्जास्पद पराजय भोग्दा पुनले जिते

## तीन पूर्वअर्थमन्त्रीको मतगणना जारी





■ प्रभाव संवाददाता

**काठमाडौं–** बिहीबार सम्पन्न मतदानको मतगणना भईरहेको छ । प्रत्यक्षतर्फको ५० प्रतिशतभन्दा बढी क्षेत्रको मतगणना सम्पन्न भइसकेको छ । त्यसमा राष्ट्रिय स्वतन्त्र पार्टीले स्पष्ट अग्रता कायम गरेको छ । हालसम्म घोषित नतिजाअनुसार एक पूर्वअर्थमन्त्रीले यसपटकको निर्वाचनमा जित हात पार्दा १ अर्थमन्त्रीले पराजय भोगेका छन् । समाचार तयार पर्दासम्म अन्य ३ पूर्व अर्थमन्त्रीहरूको भने मतगणना जारी रहेको छ ।

रोल्पाबाट प्रतिनिधिसभाका लागि तेस्रोपटक उम्मेदवारी दिएका पूर्वअर्थमन्त्री बर्षमान पुनः यसपटक पनि निर्वाचित भएका छन् । उनले रोल्पाबाट २७ हजार ४ सय ६० मत प्राप्त गर्दै जित हात पारेका हुन् । उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका सुदन कुमार वलीले १२ हजार ८ मत प्राप्त गरेका थिए ।

यसअघि उनी २०७४ र २०७९ सालको निर्वाचनमा विजयी भएका थिए । यसपटकको जितसँगै उनले रोल्पाबाट ह्याट्रिक गरेका छन् ।

नेकपा एमालेका नेता एवं पूर्वअर्थमन्त्री विष्णु प्रसाद पौडेलले पनि ठूलो मतान्तरसहितको हार ब्यहोरेका छन् । रूपन्देही क्षेत्र नं. २ बाट उम्मेदवारी दिएका उनले राष्ट्रिय स्वतन्त्र पार्टीका सुलभ खरेलसँग ठूलो मतान्तरले पराजित भएका हुन् । उनले १२ हजार ८६१ मत ल्याउँदा रास्वपा उम्मेदवारले ५६ हजार ५५० मत प्राप्त गरेका थिए । पौडेल यसअघिको निर्वाचनमा सोही क्षेत्रबाट विजयी भएका थिए ।

त्यस्तै अर्का अर्थमन्त्री डा. प्रकाशशरण महत पनि चुनावी मैदानमा रहेका छन् । उनी नुवाकोट क्षेत्र नं. १ बाट चुनावी मैदानमा रहेका छन् । प्रारम्भिक मतगणनामा उनी अग्रस्थानमा रहेका छन् ।

अघिल्लो पटकको निर्वाचनमा समानुपातिकमा परेका डा. महत यसपटक गृह जिल्ला नुवाकोटमा प्रत्यक्षमा उम्मेदवार बनेका थिए । उनी रास्वपाका विक्रम तिमिल्सिना, नेपाली कम्युनिस्ट पार्टीका हितबहादुर तामाङ, नेकपा एमालेका बद्री मैनालीलगायतसँग चुनावी मैदानमा रहेका छन् ।

पूर्वअर्थमन्त्री तथा कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्कीले यसपालि सुनसरी-४ बाट निर्वाचन लडेका छन् । अघिल्लो चुनावमा उनी सुनसरी-४ मा यसअघि वाम गठबन्धनलाई हराउँदै विजयी भएका थिए । तर यसपटक भने उनी प्रारम्भिक मतगणनामा पछि परेका छन् । त्यस्तै प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता तथा पूर्वअर्थमन्त्री जनार्दन शर्मा रुकुम पश्चिमबाट चुनावी मैदानमा रहेका छन् । चार पटक यही निर्वाचन क्षेत्रबाट विजयी भएका उनी यसपटक भने पराजित हुने सम्भावना रहेको छ । उनी नेपाली कम्युनिस्ट पार्टी र नेपाली कांग्रेसका उम्मेदवार भन्दा पछाडि तेस्रो स्थानमा रहेका छन् ।


## प्रजातन्त्रको सम्मान गरौं ।

- राज्यशक्तिका स्रोत जनता हुन् ।
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो ।
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन् ।
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ ।
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो ।
- शासकीय क्रियाकलापमा नागरिक सहभागीता र प्रतिनिधित्व सुनिश्चित गरौं ।
- सामाजिक न्याय र सामाजिक सुरक्षा काम गरौं ।
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं ।

प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मोदीखोलामा मापदण्डअनुसार छाडिएन पानी

**कास्की र पर्वतको सिमाना नयाँ पुलदेखि पर्वतको कुश्मा नगरपालिका-८ चुवासम्म झण्डै १२ किलोमिटर लामो दुरीमा कतैपनि पानीको थोप्लासमेत देख्न पाइँदैन ।**

**पर्वत–** जलविद्युत् आयोजनाहरूले मापदण्डअनुसार पानी नछाड्दा पर्वतको मोदीखोला संकटमा परेको छ । पर्वत खण्डमा मोदीखोलामा मात्रै नेपाल विद्युत् प्रधिकरण अन्तर्गतको १४.८ मेगावाटको मोदीखोला जलविद्युत् केन्द्र, १५.८ मेगावाटको मध्यमोदी हाइड्रोपावर लिमिटेड र २० मेगावाटको तल्लो मोदीखोला जलविद्युत् आयोजना र १० मेगावाटको तल्लो मोदी 'ए' गरी चारवटा आयोजना छन् ।

जसमध्ये मोदी गाउँपालिकामा तीन र कुश्मा नगरपालिकामा एउटा आयोजना सञ्चालनमा छन् । नेपालको जलविद्युत् तथा जलस्रोत नीतिअनुसार आयोजनाले नदीमा कम्तीमा २५ प्रतिशत प्राकृतिक बहाव निरन्तर छाड्नुपर्ने कानुनी प्रावधान छ । तर यसको व्यावहारिक कार्यान्वयन नहुँदा मोदीखोला संकटमा परेको हो ।

खोलामा पानीको बहाव नहुँदा जलचर समेत संकटमा परेका छन् । मोदीखोलाको प्रख्यात असला माछाको अस्तित्वसमेत गुम्दै गएको छ । मोदी खोलामा विसं २०५७ मा पहिलो पटक सञ्चालित आयोजना मोदीखोला जलविद्युत् केन्द्र हो । यसको पानीको ड्याम जलाशय बेतेनीमा अवस्थित छ, भने विद्युत्गृह चाहीँ पातिचौरमा । मध्यमोदी हाइड्रोको पानीको ड्याम जलाशय वीरेठाँटी र विद्युत्गृह बेतेनीमा छ ।

यस्तै, तल्लो मोदीखोला जलविद्युत् आयोजनाको ड्याम जलाशय पातिचौरमा र विद्युत्गृह चाहीँ कुश्माको परादीमा अवस्थित छ । कास्की र पर्वतको सिमाना नयाँ पुलदेखि पर्वतको कुश्मा नगरपालिका-८ चुवासम्म झण्डै १२ किलोमिटर लामो दुरीमा कतैपनि पानीको थोप्लासमेत देख्न पाइँदैन । यसले स्थानीयवासीको दैनिकीसमेत कष्टकर बन्दै गएको स्थानीय देवी लामिछानेले बताए ।

कुश्मा नगरपालिकाको चुवास्थित १० मेगावाट क्षमताको तल्लो मोदीखोला जलविद्युत् आयोजनाको ड्याम जलाशय परादीमा बाँधिएको छ । यसको जलविद्युत् गृह भने चुवाको सुइटेबौरमा निर्माण गरिएको छ । चारवटै जलविद्युत् गृह लहरै अवस्था छन् । एउटा जलविद्युत् गृहको पानीको ड्याम जलाशयबाट छाडिएको पानी खोलामा बग्न नपाउँदै अर्को जलविद्युत् गृहको ड्याममा मिसिन पुग्छ । यसले गर्दा पनि मोदीखोलामा पानीको संकट उत्पन्न भएको छ ।

मोदी गाउँपालिकाले खडेरी सुरु हुनासाथ जलविद्युत् गृहका जिम्मेवार कर्मचारीलाई बोलाएर कानुनले निर्देशित गरेको पानी खोलामा छाड्न अनुरोध गरे पनि त्यसको कार्यान्वयन नभएको बताएको छ । मोदी गाउँपालिकाका उपाध्यक्ष बिमल लामिछानेले भने, 'जलविद्युत् गृहले मोदीखोलामा पानी नछाड्दा तटीय क्षेत्रका बस्ती प्रभावित बन्ने खतरा छ । हामीले कार्यपालिकाबाट बैठक नै गरेर धेरैपटक सम्बन्धित हाइड्रो सञ्चालकलाई पत्राचारदेखि अनुगमनसम्म गरेका छौं, मापदण्डअनुसार पानी छाड्न भनेका छौं तर उहाँहरूले कहिल्यै टेर्नुभएको छैन ।'

गाउँपालिकाले मोदी खोलाबाट उत्पादित हुने विद्युत्बाट वार्षिक झण्डै रु डेढ रूपैयाँ रोयल्टी प्राप्त गर्दै आएको छ । बिजुली उत्पादनका नाममा वातावरणलाई दीर्घकालीन असर पार्ने काम बन्द गर्न स्थानीयले माग गरेका छन् । पानी बग्नुपर्ने खोलामा हिजोआज कमिला हिँड्न थालेको भन्दै कम्पनीको स्वार्थका लागि प्रकृतिसँग नखेल्न चेतावनी दिएका छन् । 'खोलाको पानीमा निर्भर सिँचाइ खेती प्रभावित भएको छ । खानेपानीको मुहानमा समस्या आउन थालेको छ,' तिलाहरका किसान रमाकान्त क्षेत्रीले भन्नुभयो, 'यस क्षेत्रका माछा हराएर गइसके, चराचुरुंगी र वन्यजन्तुको बासस्थान नष्ट भएको छ, प्रकृतिमाथिको दोहनका कुरा कसले सुन्ने ?'

खोला सुकाएको विषयमा जनस्तरबाट हरेक वर्ष गुनासो जिल्ला प्रशासन कार्यालमा पुग्ने गर्छ । जलविद्युत् गृहका कर्मचारीलाई बोलाएर छलफल गराउने पनि गरिन्छ । तर कार्यान्वयन हुँदैन । 'गत वर्ष बोलाएर जुनै पनि हालतमा कम्तीमा १० प्रतिशत पानी छाड्न भनेका हौं, त्यसरी खोलै सुकाएर पर्यावरणमा असर पार्ने काम गर्न त पाइएन नि,' सहायक प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद पौडेलले भने, 'गाउँपालिकाले हामीले नियमन गर्न सकेनौं भन्न पाइयो र ? हामीले प्रहरी खटाउनुपर्छ कि, के गर्नुपर्छ ? त्यो चाहीँ भन्नुपर्‍यो । अब छिट्टै हाइड्रोका कर्मचारीलाई बोलाएर छलफल गर्छौं ।' तल्लो मोदी जलविद्युत् आयोजनाका प्रमुख सुरेन्द्र बेलवासेले आफूहरूले मापदण्ड अनुसारनै खोलामा पानी छाडेको दाबी गरेका छन् । *रासस*


अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ